http://www.ird.gov.np

# कर बुलेटिन
Tax Bulletin

आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष २, अङ्क २, २०७० कात्तिक-मंसिर (दोस्रो राष्ट्रिय कर दिवस विशेषाङ्क) Vol 2, Issue 2, November 2013

काठमाडौं, नेपाल



अध्यक्ष
मन्त्रिपरिषद्

**मन्त्रिपरिषदका सम्माननीय अध्यक्ष श्री खिलराज रेग्मीले**
**दोस्रो राष्ट्रिय कर दिवस,२०७० को अवसरमा दिनुभएको शुभकामना सन्देश**

**दोस्रो राष्ट्रिय कर दिवस - २०७०** को अवसरमा सम्पूर्ण करदाता नेपाली दिदीबहिनी, दाजुभाइ तथा कर परिवारका सदस्यहरुमा शुभकामना व्यक्त गर्न पाउँदा मलाई खुसी लागेको छ।

मुलुकको आर्थिक समृद्धिको लागि आवश्यक पर्ने दिगो आर्थिक स्रोत जुटाउने सबैभन्दा विश्वसनीय आधार आन्तरिक राजस्व हो। करदाताहरु करप्रणाली सुधारको केन्द्रबिन्दु रहेका हुनाले करदाताहरुलाई करको महत्व, संवेदनशीलता र करसम्बन्धी व्यवस्थाका बारेमा जानकारी आवश्यक पर्दछ। कर प्रशासनलाई स्वच्छ, पारदर्शी, न्यायपूर्ण र करदातामैत्री बनाई अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन नेपाल सरकारले कर प्रणालीमा निरन्तर सुधारका प्रयासहरु गर्दै आएको छ। यस क्रममा नेपालको कर प्रशासनले थालनी गरेको बृहत कर जागरण अभियानमा सम्पूर्ण करदाता र आम नागरिकहरुलाई सहभागिता जनाई लाभान्वित हुन आव्हान गर्दछु।

आन्तरिक राजस्वको स्रोत परिचालनबाट दीर्घकालीन रुपमा स्वाधीन अर्थतन्त्रको निर्माण गर्ने दिशामा सम्पूर्ण उद्योगी, व्यवसायी, पेशाकर्मी लगायत आम करदाता र कर प्रशासनका सदस्यहरुबाट आगामी दिनमा निरन्तर योगदान हुनेछ भन्ने मेरो विश्वास रहेको छ। साथै, जनताले तिरेको कर मुलुकमा शान्ति, सुव्यवस्था, विकासका पूर्वाधार, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवा एवं सामाजिक सुरक्षामा लगानी तथा खर्च गर्दा पारदर्शीता कायम गरी करको सदुपयोगको सुनिश्चितता तर्फ सबैको ध्यान केन्द्रित हुनेछ भन्ने आशा एवं विश्वास लिएको छु।

करको दायरामा रहेका सबै व्यक्ति र व्यवसायीले व्यावसायिक नैतिकता पालना गरी इमान्दारितापूर्वक कर तिरी समृद्ध राष्ट्र निर्माणको अभियानमा सक्रिय सहभागिता जनाउनुहुनेछ भन्ने अपेक्षा राखेको छु। दोस्रो राष्ट्रिय कर दिवस - २०७० ले कर प्रशासनलाई अझ बढी स्वच्छ, पारदर्शी र करदातामैत्री बनाउन तथा करदाताहरुलाई कर कानूनको परिपालना गरी कर तिर्ने बानीको विकास गर्न प्रोत्साहित गर्न सकोस् भन्ने कामनाका साथ दोस्रो राष्ट्रिय कर दिवस - २०७० को पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

**२०७० मंसिर १, शनिबार।**

# दोस्रो राष्ट्रिय कर दिवस भव्यतापूर्वक सम्पन्न

'उच्च व्यावसायिक नैतिकताको सम्मान, करदाता मैत्री कर प्रशासनको अभियान' नारा सहित आन्तरिक राजस्व विभागले २०७० मंसिर १ गते शनिवार विविध कार्यक्रमका साथ दोस्रो राष्ट्रिय कर दिवस भव्यतापूर्वक सम्पन्न गरेको छ। करको जागरण अभियानलाई तीव्र बनाउने र करको चर्चा घरघरमा पुऱ्याउने उद्देश्यले गत वर्षदेखि मंसिर १ गतेलाई राष्ट्रिय कर दिवसको रुपमा मनाउन थालिएको हो। राष्ट्रिय कर दिवसको अवसरमा विभिन्न क्षेत्रका ८ जना उत्कृष्ट करदाता, कर जागरण अभियानमा सहयोग गर्ने ५ वटा संघ संस्था, ३ जना पूर्व महानिर्देशकहरु र ११ जना कर प्रशासनका कर्मचारीहरूलाई सम्मान तथा पुरस्कृत समेत गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि माननीय अर्थमन्त्री श्री शंकरप्रसाद कोइरालाले नेपाल सरकार र आफ्नो व्यक्तिगत तर्फबाट कार्यक्रम सफलताको लागि शुभकामना व्यक्त गर्नुभएको थियो। करदाता, निजी क्षेत्र, उद्यमी, व्यवसायी, पुरस्कृत कर्मचारीहरू लगायत सम्वद्ध सबै सरोकारवाला पक्षलाई हार्दिक बधाई दिँदै उहाँले मुलुक संक्रमणकालबाट गुज्रे पनि राजस्व असुली भने तीव्र गतिले अगाडि बढिरहेको छ भन्दै आन्तरिक स्रोतको परिचालनमा आन्तरिक राजस्व विभागको महत्वपूर्ण भूमिका रहेको प्रष्ट पार्नुभयो।



दोस्रो राष्ट्रिय कर दिवस कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय अर्थमन्त्री श्री शंकरप्रसाद कोइराला

आन्तरिक राजस्व विभागले गर्नुपर्ने कार्यहरू धेरै बाँकी छन् भन्दै माननीय अर्थमन्त्रीले सुधार र आधुनिकीकरणको कुरालाई महत्वका साथ अगाडि बढाउन निर्देशन दिनुभयो। करको दायरा विस्तारलाई बढाउन गरिएको प्रयास तर्फ लक्षित गर्दै माननीय अर्थमन्त्रीले नयाँ कर लगाउने विषय चाहीं निर्वाचित सरकारलाई नै सुपिम्ने जानकारी गराउनु भयो। उहाँले सम्बोधनका क्रममा उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग गठनको तयारी अन्तिम

बाँकी ४ पेजमा....

## आँखीझ्याल

ईंटा व्यवसायीहरुलाई प्रमाणपत्र — पृष्ठ ७
आर्थिक अध्यादेशको छुट सुविधा उपयोग गर्न आग्रह — पृष्ठ ९
कार्यालय गतिविधि — पृष्ठ १२



# महानिर्देशकको सन्देश

**नेपालको कर प्रशासन करदाताहरुलाई नै केन्द्रबिन्दुमा राखी करदाता शिक्षा, सूचना तथा जागरण र सुविधाका कार्यक्रमहरु ब्यापक रूपमा सञ्चालन गर्न अनवरत रूपमा अग्रसर छ । अझ पनि कतिपय ब्यवसाय र क्षेत्र करको दायरा बाहिर रहेको तथा चुनौतिको रूपमा रहेको ठूलो अनौपचारिक अर्थतन्त्रलाई करको दायराभित्र समेट्नुपर्ने सन्दर्भमा आर्थिक अध्यादेश, २०७० ले करको दायरामा नआएका र दायरामा आएर पनि विवरण तथा कर दाखिला नगरेका ब्यक्तिहरुलाई दायरामा ल्याउन हालसम्म लागेको कर मात्र तिरेमा विगतको दण्ड जरिवाना मिन्हा गर्ने सुविधाहरु पाउने गरी २०७० पौष मसान्तसम्म विवरण दाखिला गर्ने अवधि तोकेको छ ।**

'**उच्च व्यावसायिक नैतिकताको सम्मान, करदातामैत्री कर प्रशासनको अभियान**' को नारासाथ हामी दोस्रो राष्ट्रिय कर दिवस मनाईरहेका छौं । नेपालको कर प्रशासनमा गत वर्षदेखि थालनी गरिएको यो दिवस आन्तरिक राजस्व विभागको महानिर्देशकको हैसियतमा दोस्रो पटक पनि मनाउन पाउदा म समस्त उद्योगी, व्यवसायी, पेशाकर्मी, सम्पूर्ण करदाता, आम उपभोक्ता, आदरणीय नागरिक दिदीबहिनी तथा दाजुभाई र कर परिवारका सदस्यहरूमा खुसी बांड्न चाहन्छु र यस अवसरमा कर प्रशासनको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नेपालको कर प्रशासन, कर संकलन, अनुसन्धान तथा कर जागरणको माध्यमवाट चलायमान निकायको रुपमा परिचित भएको छ। अन्तर्राष्ट्रिय स्तरमा पनि नेपालको कर प्रशासनले कर प्रणाली सुधारमा छुट्टै पहिचान स्थापित गरेको छ। हामीले अवलम्वन गरेको कर प्रणाली अन्तर्राष्ट्रिय स्तरको हुँदाहुदै पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशमा आएको समसामयिक परिवर्तन तथा उत्तम अभ्यासहरू समेत समेटी नेपालको कर प्रणाली सुधार गर्न पाँच बर्षीय रणनीतिक योजना तथा तीन बर्षीय कर प्रणाली सुधार सम्वन्धी योजना लागू भईसकेका छन। चालु आर्थिक वर्षको बजेट बक्तव्यबाट कर प्रणाली सुधार सम्बन्धी उच्चस्तरीय आयोग गठन गर्ने घोषणा समेत भई सकेकोले निश्चित रुपमा भविष्यमा नेपालको कर प्रणालीमा व्यापक सुधार भई अझ बढी सरल र करदातामैत्री हुने विश्वास दिलाउन चाहन्छु ।

हामीले नेपालको कर प्रणालीमा विगत २ दशकदेखि स्वयंकर निर्धारण प्रणाली अवलम्वन गरेका छौं। यो प्रणाली खासगरी उच्च व्यावसायिक नैतिकता र व्यावसायिक आचरण पूर्णरुपमा पालना भएको अवस्थामा मात्र जोखिम रहित हुन्छ । आयकर, मूल्य अभिबृद्धि कर, अन्तःशुल्क र अन्य करहरू तर्फ स्वयं घोषणा र स्वयंकर निर्धारणमा व्यावसायिक नैतिकता अभिवृद्धि गराउन नैतिक दवावका लागि यस वर्षको कर दिवसको मुल नारा नै 'उच्च व्यावसायिक नैतिकताको सम्मान, करदातामैत्री कर प्रशासनको अभियान' राखिएको छ । दोस्रो राष्ट्रिय कर विदवसको यस सुखद अवसरमा करदातामैत्री करप्रशासनको सुनिश्चितताको लागि विभागको तर्फबाट प्रतिबद्धता व्यक्त गर्दछु । त्यसैगरी व्यावसायिक नैतिकताको परिपालनाको लागि आम करदाता, व्यवसायी तथा पेशाविद्हरूको सहयोग र प्रतिबद्धताको अपेक्षा गर्दछु ।

नेपालको कर प्रशासन करदाताहरूलाई नै केन्द्रबिन्दूमा राखी करदाता शिक्षा, सूचना तथा जागरण र सुविधाका कार्यक्रमहरू व्यापक रुपमा सञ्चालन गर्न अनवरत रुपमा अग्रसर छ । अझ पनि कतिपय व्यवसाय र क्षेत्र करको दायरा बाहिर रहेको तथा चुनौतिको रुपमा रहेको ठूलो अनौपचारिक अर्थतन्त्रलाई करको दायराभित्र समेट्नुपर्ने सन्दर्भमा आर्थिक अध्यादेश, २०७० ले करको दायरामा नआएका र दायरामा आएर पनि विवरण तथा कर दाखिला नगरेका व्यक्तिहरूलाई दायरामा ल्याउन हालसम्म लागेको कर मात्र तिरेमा विगतको दण्ड जरिवाना मिन्हा गर्ने सुविधाहरू पाउने गरी २०७० पौष मसान्तसम्म विवरण दाखिला गर्ने अवधि तोकेको छ । करदाताहरूलाई कर सहभागिता जनाउने यो उपयुक्त अवसर भएकाले यसको उपयोगका लागि सबैमा हार्दिक आव्हान गर्न चाहन्छु । साथै करदाताहरूलाई एकै थलोबाट सबै सेवा उपलब्ध गराउनका लागि यही आर्थिक वर्षमा काठमाण्डौमा राष्ट्रिय कर मेला सञ्चालन गर्ने र स्थानीय स्तरमा कर शिविर र कर क्लिनिकहरू सञ्चालन गरिने भएकोले सक्रिय सहभागिताको लागि आम नागरिकहरूमा हार्दिक आमन्त्रण गर्दछु।

नेपालको कर प्रशासनले हालसम्म हासिल गरेको उपलब्धी उत्साहजनक रहेको आम नागरिकहरूमा अवगत गराउदै कर प्रशासन र विद्यमान कर प्रणालीमा रहेका कमी कमजोरी तथा समस्याहरू सुधार गरी भविष्यमा नेपालको कर प्रणाली अझ करदातामैत्री एवं राजस्व परिचालनमा थप प्रभावकारी बनाउन कर प्रशासनको तर्फबाट अधिकतम प्रयास गरिने प्रतिबद्धता व्यक्त गर्दछु। कर प्रशासन सञ्चालनमा सम्वद्ध सबै पक्षबाट हालसम्म प्राप्त निर्देशन, सुझाव र सहयोगका लागि हार्दिक आभार व्यक्त गर्दै आगामी दिनहरूमा पनि निरन्तर सहयोग र सुझावहरूको अपेक्षा गरेको छु । अन्तमा पुनः एक पटक दोस्रो राष्ट्रिय कर दिवसको उपलक्ष्यमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु। धन्यवाद ।

**१ मंसिर, २०७०**

**टंकमणि शर्मा**
**महानिर्देशक**



कारोवारको यथार्थ लेखा राखी पारदर्शी बनौं ।

नेपाल सरकार

# अर्थ मन्त्रालय

शंकरप्रसाद कोइराला
अर्थ मन्त्री

## हार्दिक शुभकामना



दोस्रो राष्ट्रिय कर दिवसको अवसरमा सम्पूर्ण करदाता, उद्योगी, व्यवसायी, आम उपभोक्ता, पेशाकर्मी, कर प्रशासनमा संलग्न कर्मचारीहरू लगायत सम्वद्ध सबैमा हार्दिक बधाई र शुभकामना व्यक्त गर्दछु।

कर प्रणालीमा निरन्तर सुधार आधुनिकीकरण एवम् करको दायरा विस्तार गर्ने हाम्रा कर सुधारका कार्यसूचिहरू हुन् । सुधार एउटा निरन्तर यात्रा हो गन्तव्य भने पक्कै होइन । तसर्थ, सुधारलाई निरन्तरता दिंदै आम करदाता बीच बिश्वंसनीय, पहुँचयोग्य र सरल कर प्रणालीको विकास गरी कर सहभागिता व्यापक रुपमा अभिवृद्धि गर्नुको साथै तिर्नुपर्ने कर दायित्व र अनौपचारिक क्षेत्रमा रहेको आर्थिक कारोवारलाई करको दायरामा ल्याउने कार्य अभियानका रुपमा सञ्चालन गरिएको छ । कर प्रणाली सुधार भनेको कर सम्वन्धी ऐन नियम, संगठन, कर्मचारीको व्यवहार, कार्य प्रणाली, सूचना प्रविधि एवं करदाता शिक्षा र सहभागिता वढाउने समग्र सुधार हो भन्ने मैले बुझेको छु। जब करदाताले कानून बमोजिम बुझाउनु पर्ने कर विवरण पारदर्शी ढंगले सही, छिटो, कम लागत र गुणस्तरीय रुपमा वुझाउने व्यवस्थाको लागि कर प्रशासनले पारदर्शी एवम् जवाफदेही ढंगले सहयोगी र सहजकर्ताको भूमिका निभाउँछ तव मात्र कर प्रणालीमा सुधार भएको मान्न सकिन्छ ।

कर दिवसको सार्थकता एउटा उत्सवको रुपमा मात्र भन्दा पनि बैज्ञानिक, सरल, सहज, न्यायोचित र विश्वसनीय कर प्रणालीको विकास र अधिकतम कर सहभागिताको सुनिश्चिततामा निर्भर रहन्छ। यसको लागि कर प्रशासनले "उच्च व्यावसायिक नैतिकताको सम्मान करदाता मैत्री कर प्रशासनको अभियान" भन्ने नाराका साथ मनाउन लागेको यस राष्ट्रिय कर दिवसको सन्दर्भमा आम करदाताहरूलाई इमान्दारीका साथ कर तिरी राष्ट्र निर्माणको अभियानमा सहभागी बन्न र कर प्रशासनलाई करदाताहरू प्रति अझ बढी सम्मानपूर्ण र करदाता मैत्री व्यवहार गर्न अपिल गर्न चाहन्छु। आगामी पाँच वर्षभित्र विद्युतीय कर प्रशासनको प्रयोग, कानूनी तथा नीतिगत सुधार, संरचनात्मक सुधार, जनशक्ति विकास, करदाता मैत्री कर प्रशासन र कर प्रशासनको मनोवृत्ति र व्यवहारमा सकारात्मक परिवर्तनका जस्ता सुधार गर्दै कागजरहित कर प्रशासन व्यवहारमा उतार्नेतर्फ हामी अग्रसर छौं ।

समग्र कर प्रणालीको सुधार, आधुनिकीकरण एवम् दायरा विस्तारमा सरकार एक्लैको प्रयासले अपेक्षित परिणाम नदिने हुँदा यसमा सदा झैं निजी क्षेत्रको सहयोग र सहभागिता रहने विश्वास लिएको छु। यो दिवसलाई एउटा उत्सवको रुपमा मात्र होइन कि देशमा एउटा सरल, पारदर्शी, सक्षम, विश्वंसनीय करदातामैत्री र लगानीमैत्री कर प्रणालीको विकास गर्ने प्रतिवद्धता जनाउने अवसरको रुपमा लिनु पर्दछ ।आगामी दिनहरूमा सवै सरोकारवाला पक्षहरूसित हातेमालो गरी सहयात्रा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

शंकरप्रसाद कोइराला
अर्थ मन्त्री

कार्यालयको ठेगाना : सिंहदरबार, काठमाडौं,
टेलिफोन नं.: +९७७-१-४२११८०९
फ्याक्स नं.: +९७७-१-४२११८३१
वेब साईट : www.mof.gov.np

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।



## शुभकामना

देशको समग्र आर्थिक तथा सामाजिक विकासको मेरुदण्डको रूपमा रहेको कर प्रशासनको कामकारवाहीलाई चुस्त, पारदर्शीएवं प्रभावकारी रूपमा सञ्चालन गर्दै आन्तरिक स्रोतको अधिकतम् परिचालन गर्न नेपाल सरकारले उच्च प्राथमिकता दिएको छ । कर प्रशासनको क्षमता अभिवृद्धि र करदातामैत्री कर प्रशासनको माध्यमबाट करदातालाई गुणस्तरिय सेवा प्रवाह गर्न कर प्रशासनको सदृढीकरण एवं आधुनिकीकरणका साथै अल्पकालिन तथा दीर्घकालीन लक्ष्यका साथ अगाडी बढ्नु अझै पनि आवश्यकछ । यी महत्वपूर्ण पक्षहरुलाई ध्यानमा राखेर नेपाल सरकारले राजस्व प्रशासन सुधारको प्रक्रिया अगाडी बढाई सकेको छ । यसै सिलसिलामा गत वर्षदेखि राष्ट्रिय कर दिवस मनाउन थालिएको हो । अतः यस सन्दर्भमा दोस्रो **राष्ट्रिय कर दिवसको अवसरमा** कर तिर्ने आमजनता, पेशा, व्यवसाय र रोजगारीबाट आय आर्जन गर्ने उद्योगी, व्यवसायी, पेशाकर्मी एवं सबै प्रकारका आय आर्जनकर्ता र आर्थिक क्रियाकलापमा संलग्न सम्पूर्ण करदाताहरु एवं कर प्रशासनमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक शुभकामना व्यक्तगर्न चाहन्छु ।

मृत्यु र कर सत्य हुन । यी दुईलाई नत अस्वीकार गर्न सकिन्छ न नियन्त्रण नै गर्न सकिन्छ । त्यसैले समयमै कर तिर्ने वानी वसाली राष्ट्र निर्माणमा सहभागी हुन उत्प्रेरित गर्ने उद्देश्यका साथ नै प्रत्येक वर्ष राष्ट्रिय कर दिवस मनाउने परीपाटी वसालेको हो । **"उच्च व्यवसायिक नैतिकताको सम्मान, करदाता मैत्री कर प्रशासनको अभियान"**भन्ने नाराका साथ मनाउन लागिएको यस राष्ट्रिय कर दिवसको भावनाबाट प्रेरित भई समग्र करदाताहरुलाई कर तिरी राष्ट्र निर्माणको महान अभियानमा सहभागी बन्न हार्दिक अपिल गर्न चाहन्छु ।

देशको समग्र आर्थिक विकासको महत्वपूर्ण औजार जनताले तिर्ने कर नै हो । जसको समुचित उपयोगबाट देश समृद्धि, उन्नती र प्रगतीको दिशामा अगाडी बढ्दछ । त्यसैले मुलुकको आर्थिक वृद्धि र अर्थतन्त्रको विस्तारको सवलपक्ष "कर" दायित्वको सहि भुक्तानीबाट नै शुरु हुन्छ भन्नुमा दुई मत नहोला । यिनै महत्वपूर्ण पक्षहरुलाई ध्यानमा राखेर नै रणनीतिक सोच, सम्भावना र उपलब्धिबीच विद्यमान राजस्व संकलनको अन्तरलाई घटाउँदै सुदृढ वित्त संरचना निर्माण गर्न र कर नीतिलाई कार्यान्वयन गर्नको लागि स्पष्ट, परिणाममुखी, समयवद्द र मापनयोग्य कार्यसम्पादन सूचकांङ्कहरु निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।

करको दर वृद्धि गरेर होइन करको दायरा विस्तार गरेर आन्तरिक राजस्वको अधिकतम परिचालन गर्नु पर्दछ र उत्कृष्ट सेवाप्रवाहको माध्यामबाट स्वेच्छिक कर सहभागितामा अभिवृद्धि गर्नुपर्दछ भन्ने राजस्व नीतिको उद्धेश्य रहेको छ । वर्तमान अवस्थामा एकातर्फ स्वचालित रूपमा संचालित स्वयम् कर निर्धारण प्रणालीमा आधारित कर प्रशासन, प्रविधिमा आधारित करदता सेवा, ज्ञान र शीपमा आधारित करदाताशिक्षा, सूचना, तथ्य र प्रमाणमा आधारित कर परीक्षण र अनुसन्धान, न्याय र प्रणालीमा आधारित पुनरावलोकन प्रणाली र पारदर्शी एवं उत्तरदायित्वमा आधारित निर्णय प्रक्रिया अवलम्बन गर्नुपर्ने अवस्था रहेको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप कर सम्बन्धी ऐन, नियम, प्रणाली र प्रथाहरु अवलम्बन गर्नुपर्ने अवस्था रहेको छ । साथै सरलता. शीघ्रता. गतीशिलता. लचकता. करदातामैत्री. निश्चितता. सहजता र पारदर्शिता जस्ता असल करका विशेषताहरुलाई आत्मसाथ गर्दै सरल, सुदृड र आधुनिक तथा बैज्ञानिक कर प्रणालीको अवलम्बन उत्तिकै महत्वपूर्ण पक्ष हुन ।

हामी अहिले कर प्रशासन सुधारको अभियानमा सक्रिय छौं । कर प्रशासनमा देखिएका नीतिगत एवं कार्यगत सुधार र प्रक्रिया सरलीकरणको कार्यमा अर्थमन्त्रालय सक्रिय रहदै आएको छ । कर प्रशासनलाई सक्षम तथा दक्ष र करदाता मैत्री बनाउने तर्फ आवश्यक ऐन, नियम, नीति र प्रणालीमा समयानुसार सुधारको लागी निजीक्षेत्र समेतको राय र सुझावको आधारमा थप अग्रसर हुनु पर्ने आवश्यकता छ । विद्यमान करसंरचना, कर प्रणाली, सक्षम जनशक्ति एवं थालिएका सुधार कार्यक्रम र कर सम्बन्धी सबै करदाताको बढ्दो सचेतना नै नेपालको कर प्रशासनको सफलताका आधार हुन भन्ने मेरो मान्यता रहेको छ ।

कर तिरौ राष्ट्र निर्माणमा सहभागी हौ भन्ने भावनालाई मुखरित गर्दै दोस्रो राष्टिय कर दिवस कर सहभागिता वृद्धि, आन्तरिक राजस्वको अधिकतम परिचालन र स्वच्छ, पारदर्शी र करदातामैत्री कर प्रशासनको विकासमा कोशेढुंगा सावित होस भन्दै पुनः यस अवसरमा सम्पूर्ण करदाता एवं कर प्रशासनमा कार्यरत कर्मचारीहरु प्रति आभार प्रकट गर्दछु ।

**शान्तराज सुवेदी**
अर्थ सचिव



विभागका पुरस्कृत कर्मचारीहरूका साथ माननीय अर्थमन्त्री श्री शंकरप्रसाद कोइराला, अर्थ सचिव श्री शान्तराज सुवेदी र महानिर्देशक श्री टंकमणि शर्मालगायत अन्य विशिष्ट व्यक्तिहरू



सम्मानित व्यवसायीहरूका साथ माननीय अर्थमन्त्री श्री कोइराला, अर्थ सचिव श्री सुवेदी र महानिर्देशक श्री शर्मा



कार्यक्रममा उपस्थित अर्थ मन्त्रालयका सहसचिवहरु लगायत अन्य सहभागीहरु

१ पेजको बाँकी.....



पानसमा बत्ती बालेर कार्यक्रमको उद्घाटन गर्नुहुँदै माननीय अर्थमन्त्री श्री शंकरप्रसाद कोइराला

अवस्थामा पुगेको जानकारी गराउनु भएको थियो। वर्तमान कर प्रणालीको विविध पक्षको सुधार गर्न आफूहरूले समिति बनाइसकेको बताउनुहुँदै करदाताहरूको पीर मर्कालाई सम्बोधन गर्न कर प्रशासन सँधै तयार रहेको बताउनुभयो।

सम्बोधनका क्रममा माननीय अर्थमन्त्रीले कर र भन्सारप्रति जनमानसको हेर्ने दृष्टिकोण नकारात्मक भएकाले त्यो छवि सुधार्न कर्मचारीहरूको आचरणमा परिवर्तन ल्याउन आवश्यक भएको बताउनुभयो। करदाताका धेरै समस्याहरूलाई बजेटले सम्बोधन गरेको छ। घरैमा बसेर कर तिर्ने र कार्यालयमा कागजविहीन प्रशासनको परिकल्पना गरिएको भन्दै माननीय अर्थमन्त्री कोइरालाले केही वर्षभित्रै त्यो उद्देश्य पूरा हुने बताउनुभयो।

कार्यक्रममा अर्थ मन्त्रालयका सचिव श्री शान्तराज सुवेदीले





कार्यक्रममा सहभागी हुँदै महानिर्देशक, उपमहानिर्देशकहरु, IMF का प्रतिनिधिका साथमा कार्यक्रम सञ्चालक

## सम्मानित तथा पुरस्कृत हुने महानुभावहरु

**क. करदाता तर्फ**

| | | |
|---|---|---|
| १. | नेपाल दूरसञ्चार कम्पनी | बढी आयकर बुझाउने |
| २. | सूर्य नेपाल प्रा.लि. | बढी अन्तशुल्क बुझाउने |
| ३. | कृषि विकास बैंक | सार्वजनिक संस्थानबाट बढी आयकर बुझाउने |
| ४. | युनिलिभर नेपाल लि. | उद्योग क्षेत्रबाट बढी आयकर बुझाउने |
| ५. | एभरेष्ट बैंक लि. | बैंक तथा वित्तिय क्षेत्रबाट बढी आयकर बुझाउने |
| ६. | सिद्धार्थ शमसेर जवरा | व्यक्तिगत आयबाट बढी आयकर बुझाउने |
| ७. | गणपति बक्स इन्डष्ट्रिज | मू.अ.क. मा अविछिन्न सहभागिता जनाउने |
| ८. | महालक्ष्मी ज्वेलरी हाउस विराटनगर | आयकरमा अविछिन्न सहभागिता जनाउने |

**ख. कर जागरण अभियानमा सहयोग गर्ने संघसंस्था तर्फ**

| | |
|---|---|
| १. | नेपाल ग्याँस विक्रेता महासंघ |
| २. | सूर्तिजन्य पदार्थ उत्पादक संघ |
| ३. | नेपाल निर्माण सामग्री व्यापार संघ |
| ४. | नेपाल इटा व्यवसायी उद्योग महासंघ |
| ५. | उपभोक्ता हित संरक्षण मञ्च नेपाल |

**ग. आन्तरिक राजस्व विभागका पूर्व महानिर्देशकहरू**

| | |
|---|---|
| १. | श्री रणबहादुर श्रेष्ठ |
| २. | श्री अविनिन्द्रकुमार श्रेष्ठ |
| ३. | श्री दीप बस्न्यात |

**घ. आन्तरिक राजस्व विभाग र अन्तर्गतका कर्मचारीहरू**

| | | |
|---|---|---|
| १. | प्रमुख कर अधिकृत श्री गोविन्दबहादुर वानिया | करदाता सेवा कार्यालय टंगाल |
| २. | प्रमुख कर अधिकृत श्री प्रेम उपाध्याय | आन्तरिक राजस्व कार्यालय, भरतपुर |
| ३. | निर्देशक श्री खिमबहादुर कार्की | आन्तरिक राजस्व विभाग |
| ४. | निर्देशक श्री चन्द्रकला पौडेल | आन्तरिक राजस्व विभाग |
| ५. | शाखा अधिकृत श्री राजुप्रसाद प्याकुरेल | आन्तरिक राजस्व विभाग |
| ६. | कर अधिकृत श्री शशी भट्टराई | आन्तरिक राजस्व कार्यालय पोखरा |
| ७. | कर अधिकृत श्री ध्रुवप्रसाद पाण्डे | आन्तरिक राजस्व कार्यालय, नेपालगञ्ज |
| ८. | कम्प्यूटर अधिकृत श्री मनोजकुमार पाण्डे | आन्तरिक राजस्व कार्यालय, बुटवल |
| ९. | नायव सुव्वा श्री सुशीला ढकाल | आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. ३ |
| १०. | हलुका सवारी श्री चालक प्रेमकृष्ण श्रेष्ठ | आन्तरिक राजस्व विभाग |
| ११. | कार्यालय सहयोगी श्री रामनारायण राउत | आन्तरिक राजस्व कार्यालय, जनकपुर |

राष्ट्रिय कर दिवस हिन्दूहरूको लागि बडादशैं, क्रिश्चियनहरूको लागि क्रिशमस, ल्होसार मान्नेलाई ल्होसार, छठ मान्नेलाई छठ जस्तै कर प्रशासन र करदाताहरूका लागि ठूलो चाड हो भन्नुहुँदै सम्मान गर्ने, सम्मानित तथा पुरस्कृत हुने लगायत सम्पूर्ण सरोकारवालाहरूलाई शुभकामना व्यक्त गर्नुभयो । करदाताहरूलाई सम्मान गरी कर प्रशासनप्रति अपनत्वको भावना ल्याउने कार्यको थालनी आफ्नै कार्यकालमा थालनी भएको बताउनु हुदै, कर दिवस मनाउनुको औचित्य पुष्टि गर्न करको आधार विस्तार हुनुपर्ने बताउनुभयो । तीन वर्ष अगाडि ५ लाख पचास हजार करदाता रहेकोमा हाल दश लाख ३० हजार करदाता रहेको बताउनुहुदै अर्थ सचिव श्री सुवेदीले विकासोन्मुख देशमा जम्मा जनसंख्याको ५ प्रतिशत करदाता हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडाले कर तिराउने हैन, कर तिर्नेहरूको आयको क्षमता बढाउने तर्फ वित्तिय र मौद्रिक प्रयासको थालनी आवश्यक भएको बताउनुभयो । उहांले मुलुकको अर्थतन्त्र आयातमुखी रहेकाले गैर कर राजस्व नबढाएसम्म अर्थतन्त्र गतिशिल हुन नसक्ने स्पष्ट गर्नुभयो । उहाँले एउटा खल्तीबाट अर्को खल्तीमा रकम सर्दैमा मुलुक धनी नहुने बताउनुहुदै वार्षिक २० प्रतिशत कर संकलन गर्न कर प्रशासन सक्षम हुनुपर्ने बताउनुभयो । कर प्रशासन वैज्ञानिक हुनुपर्ने बताउनु हुदै कर प्रशासन र व्यवासायी बीचमा आत्मीयता अझ प्रगाढ हुदै जाओस् भन्ने शुभकामनाका साथ करको दायरा अझ विस्तार गर्न आग्रह गर्नुभयो ।

सो अवसरमा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले नेपालकै कर प्रशासनको इतिहासमा दोस्रो राष्ट्रिय कर दिवस मनाइन लागेको बताउनु हुदै कर जागरणको अभियानमा सहभागी सबैलाई एवं सम्पूर्ण करदाताहरूलाई राष्ट्रिय कर दिवसको उपलक्ष्यमा धन्यवाद



कार्यक्रममा उपस्थित कर परिवारका सदस्यहरु



कार्यक्रममा उपस्थित कर परिवारका सदस्यहरु



सांगीतिक कार्यक्रममा सहभागी हुँदै विभागका कर्मचारीहरू लगायत संगीतकर्मीहरु

ज्ञापन गर्नुभयो । सो अवसरमा उहाँले दोस्रो कर दिवसको नारा उच्च व्यवसायिक नैतिकताको सम्मान, करदाता मैत्री कर प्रशासनको अभियान लाई मूर्त रुप दिन करदाता र कर प्रशासनलाई आग्रह गर्नुभयो । करदाता शिक्षा व्यापक रुपमा विस्तार गरिएकोले व्यवसायीहरू उत्साही भएको बताउनु हुदै कर कानुनले कर छल्नेलाई नछाड्ने हुदा पुस मसान्तसम्म सरकारले बजेटमा गरेको कर छुट तथा सुविधाहरूको विशेष व्यवस्थाको उपयोग गर्न आग्रह समेत गर्नुभयो । पूर्व महानिर्देशक श्री दीप बस्नेतले सम्मान प्राप्ति पश्चात् आफ्ना धारणा राख्नु हुँदै आफू महानिर्देशक हुँदा शुरुवात गरिएको कर प्रशासन एवं कर प्रणाली सुधारको कार्यक्रम हालको अवस्थामा पूर्णतया करदाता मैत्री बन्न सफल भएको र सुधार को कार्यदिशा निरन्तर चलिनै रहेकोमा खुसी व्यक्त गर्दै कर प्रशासनलाई यसमा अझ बढी सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

नेपाल उद्योग परिसंघका अध्यक्ष श्री नरेन्द्र बस्न्यात र उद्योग वाणिज्य महासंघका उपाध्यक्ष श्री भाष्करराज राजकर्णिकारले सामाजिक उत्तरदायित्वसहितको व्यवसायलाई निजीक्षेत्रले प्रोत्साहित गरेको र निजीक्षेत्रको आवाजलाई सरकारले सम्मान गरेको भन्दै खुसी व्यक्त गर्नुभयो । कार्यक्रममा गायक श्री कृष्ण कणेल तथा गायिका श्री मिना लामाको नेतृत्वमा कर दिवसमा सहभागी भएका सांगीतिक टोलीले कर सम्बन्धी विभिन्न गीत संगीत पस्किएर कार्यक्रममा उपस्थित सबैलाई मनोरञ्जन प्रदान गरेका थिए ।

# लेखा परीक्षकहरूसँग अन्तरक्रिया सम्पन्न

आन्तरिक राजस्व विभागको आयोजनामा २०७० मंसिर ९ गते लाजिम्पाटस्थित होटल शंकरमा लेखा परीक्षकहरूसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले उपस्थित सबै लेखा परीक्षकहरूलाई सम्बोधन गर्दै करदातासम्म कर प्रशासनका कुराहरू सहज रुपमा पुगोस् भनेर यस्ता कार्यक्रमहरूको आयोजना गरिएको बताउनु भयो। आन्तरिक राजस्व विभागले द्रुत गतिमा करदाता शिक्षा कार्यक्रमहरू गरिरहेको बताउनुहुदै, लेखा परीक्षकहरूको तर्फबाट पनि कार्यक्रमको आयोजना गरिए आफूहरू सहयोग गर्न तयार रहेको बताउनुभयो। करदाता र व्यवसायीहरूको आर्थिक विवरण प्रमाणित गर्ने कार्य लेखा परीक्षकहरूको भएको हुनाले सचेत भएर काम गरिदिन आग्रह गर्नुभयो। उहांले लेखा परीक्षकहरूलाई करदाताहरूको उच्च व्यवसायिक नैतिकता भएनभएको हेर्नुपर्ने बताउनुहुदै कर प्रशासनलाई कानुनी प्रकृयाबाट सहयोग गर्न आग्रह गर्नुभयो।

व्यवसायीहरूले पत्रपत्रिका, सञ्चार माध्यम र सामाजिक सञ्जालहरूमा एउटा कुरा गर्ने तर कर तिर्ने बेलामा घाटा देखाउने, कम रकम कर तिर्ने गरेको बताउनुहुदै त्यस्ता व्यवसायीले तयार पारेको कागजपत्रमा सही नगरी छानविन गर्न आग्रह गर्नुभयो। कारवाहीमा परेका र अनुसन्धानको दायरामा रहेका व्यवसायीहरू छन् भने तिनको कारोवार राम्रोसंग परीक्षण गरेर मात्र प्रमाणित गर्न आग्रह गर्नुहुदै आन्तरिक राजस्व विभागले हरेक वर्ष उच्च व्यवसायिक नैतिकता भएका व्यवसायीहरूलाई पुरस्कृत गर्दै आएको समेत बताउनुभयो। आर्थिक अध्यादेशले २०७० प्रदान गरेका छुट सुविधाको सदुपयोग गरी दर्ता नभइ कारोवार गरिरहेका व्यवसायीहरूलाई पुस मसान्तसम्ममा दर्ता भएर कारोवार गर्न र दर्ता भएर पनि कर नतिरेका करदातहरूलाई



कार्यक्रममा उपस्थित लेखा परीक्षकहरूसँग श्री टंकमणि शर्मा (माथि)

पनि छुटको उपयोग गर्न आफ्ना सेवाग्राहीहरूलाई सम्झाइदिन लेखा परीक्षकहरूसँग आग्रह गर्नुभयो। यसै आर्थिक वर्षमा राष्ट्रिय कर मेलाको आयोजना गर्न लागिएको बताउनुहुँदै महानिर्देशक श्री शर्माले कर मेलाका अवसरमा कर परामर्श, करदाता शिक्षा, कर तिर्नको लागि बैंकको व्यवस्था समेत सोहीस्थानमा गरिएको बताउनु हुदै सो अभियानमा सहभागीता जनाउन समेत लेखारीक्षकहरूसँग आग्रह गर्नुभयो। कार्यक्रममा अडानका अध्यक्ष श्री मोहन रेग्मीले आन्तरिक राजस्व विभागले आफूहरूसँग छलफल गरेकोमा धन्यवाद ज्ञापन गर्नुहुदै करको दायरा बढाउने हो भने कार्यक्रमलाई अझ विस्तार गर्नु पर्ने र त्यसका लागि आफूहरू तयार रहेको बताउनुभयो। साथै अबका दिनमा मिसम्याच नहुने गरी नीतिगत रुपमा अगाडि बढ्नु पर्ने बताउनुभयो। आइक्यानले दिएको निर्देशन आफूहरूले मान्ने बताउदै आन्तरिक राजस्व विभाग र आफूहरू सहकार्य गरेर अघि बढ्न तयार रहेको बताउनुभयो।

विभागका निर्देशक श्री चन्द्रकला पौडेलको स्वागत गर्नुभएको सो कार्यक्रममा **IMF** का प्रतिनिधि श्री डेभिड कार्ड र आन्तरिक राजस्व विभागका निर्देशक श्री गोपाल घिमिरेले कर कानुनका विषयमा कार्यपत्रहरू प्रस्तुत गर्नुभएको थियो। आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा अर्थमन्त्रालय राजस्व महाशाखाका उपसचिव श्री चण्डी घिमिरे लगायत उपत्यकास्थित सबै राजस्व कार्यालयहरूका कार्यालय प्रमुखहरूको उपस्थिति रहेको थियो।

# राजस्व असुली लक्ष्यको शतप्रतिशत

आ. व. २०७०।०७१ को प्रथम चौमासिकमा आन्तरिक राजस्वको असुली लक्ष्यको तुलनामा शतप्रतिशत भएको छ। लक्ष्य रु ३१ अर्व २२ करोड १४ लाख २५ हजारको तुलनामा असुली ३१ अर्व ३२ करोड ९२ लाख ४१ हजार भई लक्ष्यको शतप्रतिशत असुली भएको हो। शीर्षकगत रुपमा हेर्दा आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा शुल्कको लक्ष्य क्रमशः रु. १२ अर्व, ६३ करोड ५९ लाख ८३ हजार, रु. १० अर्व ६२ करोड, ५५ लाख २५ हजार, रु. ७ अर्व ७४ करोड ७५ लाख ६० हजार, रु. ९ करोड ३ लाख ४३ हजार र १२ करोड २० लाख १५ हजार रहेकोमा असुली क्रमशः रु. १२ अर्व ७० करोड १३ लाख ६३ हजार, रु. १० अर्व ७० करोड १६ लाख ३१ हजार, रु. ७ अर्व ६५ करोड ७४ लाख २३ हजार, रु. १२ करोड ३६ लाख

आ.व. २०७०/०७१ को कार्तिक महिनासम्मको राजस्व असुली (रु. हजारमा)

| राजस्वका स्रोतहरू | लक्ष्य | असुली | प्रगति प्रतिशत |
|---|---|---|---|
| आयकर | १२६३५९८३ | १२७०१३६३ | १०१ |
| मु.अ.कर | १०६२५५२५ | १०७०१६३१ | १०१ |
| अन्तःशुल्क | ७७४७५६० | ७६५७४२३ | ९९ |
| शिक्षा सेवा शुल्क | ९०३४३ | १२३६६३ | १३७ |
| स्वास्थ्य सेवा शुल्क | १२२०१५ | १४५१६१ | ११९ |
| जम्मा | ३१२२१४२५ | ३१३२९२४१ | १०० |

६३ हजार र रु. १४ करोड ५१ लाख ६१ हजार भएको छ। शिर्षकगत रुपमा लक्ष्यको तुलनामा प्रगति प्रतिशत आयकरमा र मूल्य अभिवृद्धि कर तर्फ १०१ प्रतिशत, अन्तशुल्क तर्फ ९९ प्रतिशत, शिक्षा सेवा शुल्क तर्फ १३७ प्रतिशत र स्वास्थ्य सेवा शुल्क तर्फ ११९ प्रतिशत रहेको छ। समीक्षा कार्यक्रमा उपस्थित उपत्यकास्थित आन्तरिक राजस्व कार्यालयका प्रमुखहरूलाई निर्देशन दिनुहुँदै महानिर्देशक श्री टंकमणि शर्माले राजस्व असुलीको लागि कर प्रशासकहरूको प्रयास अझ वृद्धि गर्नुपर्ने तर्फ ध्यानाकर्षण गर्नुभयो।

# कार्यालय अनुगमन तथा निरीक्षण

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले असोज २० देखी २३ गतेसम्म भैरहवा, बुटवल, दाङ, धनगढी, महेन्द्रनगर, डडेल्धुरा, डोटीको भ्रमणगरी करदाताहरुसँग अन्तर्क्रिया र कर्मचारीलाई आवश्यक निर्देशन प्रदान गर्नुकासाथै स्थानीयस्तरमा आयोजित कर शिक्षा कार्यक्रमहरूलाई सम्बोधन समेत गर्नुभयो। कार्यालयहरूको निरीक्षण भ्रमणको सिलसिलामा महानिर्देशक श्री शर्माबाट कार्यालयका कर्मचारीहरूलाई निर्देशन दिँदै चालु आर्थिक बर्षको राजस्व असुली अनिवार्य रुपमा पुरा गर्न, कराधार विस्तार गर्ने सम्बन्धमा **Online Registration, Excise automation** आदिमा गरेको प्रयासलाई थप सुधारका साथै निरन्तरता दिन, आयकर, र मू. अ.कर तर्फको ननफाइलर घटाउने तर्फ सघन प्रयास गर्न निर्देशन दिनुभयो। साथै चालु आ.ब.को आर्थिक अध्यादेशले गरेका छुट सुविधाको कार्यन्वयनको प्रभावकारीतामा अभिबृद्धि गर्न, बजार अनुगमन गर्न, करदाता जागरण एवं सचेतना अभिबृद्धि गर्नेतर्फ सार्थक प्रयास



आन्तरिक राजस्व कार्यालय भैरहवाको निरीक्षणका क्रममा महानिर्देशक श्री टंकमणि शर्मालगायत कर्मचारीहरू

गर्न समेत निर्देशन दिनुभयो। ईंटा उद्योगलाई मू.अ.करमा दर्ता गर्ने तर्फ गरेको प्रयास राम्रो रहेको र ती उद्योगहरूको कर सहभागिता अभिबृद्धि गर्न करदाताको क्षमता अभिबृद्धि गर्ने तर्फ ध्यान दिन जोड दिनु भयो। मू. अ.कर ऐन २०५२ को दफा १० बमोजिम दर्ता गर्नु पर्ने व्यक्तिहरूको पहिचान गरी अनिवार्यरुपमा दर्ता गराई कर सहभागिता बढाउने, अनुसन्धानात्मक कर परीक्षणको लागि छनौट भएका करदाताहरूको प्राथमिकताका साथ कार्य सम्पादन गर्ने, ती करदाताको कर परीक्षण गरी अबिलम्ब रिपोर्टिङ गर्ने, कर परीक्षणको प्रक्रिया, गुणस्तर एवं प्रतिलब्धिमा थप सुधार गर्न कर परीक्षण निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्ने, मू. अ. कर, आयकर तथा अन्य करका बक्यौता असुलीलाई विशेष ध्यान दिनु पर्ने साथै लामो अवधिदेखि अटेर गरी कर नतिर्ने व्यक्तिका विरुद्धमा कानूनी कार्यवाही गरी बक्यौता असुली गर्न समेत निर्देशन दिनुभयो।

# ईंटा व्यवसायीहरुलाई प्रमाणपत्र

आन्तरिक राजस्व विभागले असोज २४ मा एक कार्यक्रमको आयोजना गरी मूल्य अभिवृद्धि करमा दर्ता भएका ईंटा व्यवसायीहरूलाई प्रमाण पत्र वितरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । विभागका महानिर्देशक श्री टंकमणि शर्माले कार्यक्रममा उपस्थित व्यवसायीहरूलाई आफ्नो र आन्तरिक राजस्व विभागको तर्फबाट विजया दशमी तथा शुभ दीपावलीको अवसरमा शुभकामना व्यक्त गर्नु भयो । उहाले ईंटा व्यवसायी



ईंट्टा व्यवसायीहरूसँग महानिर्देशक श्री टंकमणि शर्मा

र सरकारबीच झण्डै १८ वर्षदेखि थाती रहेको समस्या समाधान भएकोमा खुशी व्यक्त गर्नुभयो । मूल्य अभिवृद्धि करमा दर्ता भएका ९७ वटा व्यवसायीलाई प्रमाण पत्र वितरण गर्दै महानिर्देशक श्री शर्माले व्यवसायी र सरकारबीचको सम्बन्ध अझ सुमधुर रहोस् भन्दै व्यवसायीलाई नाफा कमाउन सफल होस् भन्ने कामना गर्नुभयो । मूल्य अभिवृद्धि करको वारेमा कुनै समस्या भए नजिकको कार्यालयमामा सम्पर्क गरी कर अधिकृतहरूसँग परामर्श लिन पनि सुझाव दिनुभयो । महानिर्देशक श्री शर्माले इँटा व्यवसायीहरूलाई सरकारको राजस्व संकलन गर्ने व्यवसायीमा परेको बताउनुभयो । सो क्रममा उहाँले कात्तिक १ गते पछाडि कसैले मूल्य अभिवृद्धि करमा दर्ता नभई कारोवार गरेको पाइएमा अनुसन्धानको दायरामा ल्याइने बताउनुहुँदै व्यवसायीलाई हिसाव किताव चुस्त दुरुस्त राख्न निर्देशन दिनुभयो । उधारोमा कारोवार नगर्न आग्रह गर्दै महानिर्देशक श्री शर्माले उधारो लाने व्यक्तिले रकम नबुझाए पनि व्यवसायीले कर तिर्नुपर्ने भएकाले सचेत रहन आग्रह गर्नुभयो ।

अर्थ मन्त्रालय राजस्व महाशाखाका उपसचिव श्री चण्डीप्रसाद घिमिरेले व्यवसायी र सरकारबीचको १८ वर्ष लामो द्वन्द्व अन्त्य भएको र व्यवसायीहरूको पक्षमा रहेर नै यस्तो व्यवस्था ल्याएकोले उनीहरूको जायज माग समाधान गर्न मन्त्रालय सक्षम रहेको जानकारी दिनुभयो । कार्यक्रममा विभागका निर्देशक गोपाल घिमिरेले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्रमाथि उपस्थित व्यवसायीहरूले राखेका जिज्ञासाहरूको निर्देशक घिमिरेले समाधान गर्नु भएको थियो । भक्तपुर ईंटा व्यवसायी संघका प्रथम उपाध्यक्ष विश्वराम कवांले सर्वसाधारणदेखि महलमा बस्नेसम्मले प्रयोग गर्ने भएकाले इटालाई आधारतभूत आवश्यकतामा राखियोस् भन्ने माग गर्नुभयो । नेपाल ईंटा उद्योग व्यवसायी महासंघका अध्यक्ष श्री महेन्द्रबहादुर चित्रकारले अर्थमन्त्रालय र आन्तरिक राजस्व विभागले इटा व्यवसायीहरूलाई छुटको स्किम दिएर मू.अ.करमा दर्ता हुन दिएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । आफूहरूसँग समस्या धेरै रहेकोले विभागसँग समन्वय गरेर समाधान गर्नुपर्ने बताउनुभयो । उहाँले ईंटा उद्योगलाई चाहिने यान्त्रिक बस्तुहरूमा मू.अ.कर छुट दिनुपर्ने माग प्रस्तुत गर्नुभयो ।

# सीमापार व्यापार संघसँग अन्तरक्रिया सम्पन्न

आन्तरिक राजस्व विभागको आयोजनामा कात्तिक ६ गते नेपाल सीमापार व्यापार संघसँग आर्थिक अध्यादेश २०७० को विशेष व्यवस्था र कर एवं अर्थतन्त्रका समसामयिक विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले करसँग डर होइन भर गर्ने प्रवृत्तिको विकास गरौं भन्नुभयो । उहाँले करदाता शिक्षा र निरन्तर अनुगमनका कारण मू.अ. करमा वृद्धि भएको बताउनुहुदै व्यवसायीलाई यथार्थ कारोवारको विवरण करमा पेश गर्न आग्रह गर्नुभयो । कर प्रणाली पुनरावलोकन आयोग गठन पछि धेरै समस्या समाधान गर्न सकिने बताउनु हुदै महानिर्देशक श्री शर्माले करदाता मैत्री कर प्रशासन र कर प्रशासन मैत्री करदाताका कारण राजस्व असुली लक्ष्य अनुसार भएको बताउनुभयो । सो अवसरमा उहाँले व्यवसायीहरूलाई आर्थिक अध्यादेश, २०७० ले प्रदान गरेका छुट सुविधाको



कार्यक्रममा उपस्थित व्यवसायीहरू

उपयोग गर्न अनुरोध गर्दै मंसिर १ गते मनाउन लागिएको दोस्रो राष्ट्रिय कर दिवसमा सक्रिय सहभागीता जनाउन समेत उपस्थित व्यवसायीहरूलाई आग्रह गर्नुभयो । कार्यक्रममा नेपाल सीमापार व्यापार संघसँगका अध्यक्ष श्री अशोक अग्रवालले आफ्ना सदस्यहरू करमा दर्ता नभएका भए पुसभित्र करको दायरामा ल्याउने प्रतिवद्धता व्यक्त गर्नुभयो । उहाँले भन्सारमा मूल्यांकनमा समस्या देखिएको भन्दै सबै पक्ष मिलेर छलफल गरी समस्या समाधान गर्न उपयुक्त हुने बताउनुभयो ।

# बजार अनुगमन

आन्तरिक राजस्व विभागले देशभरका मुख्य मुख्य बजारहरूमा वील विजक लिने दिने कार्यको प्रभावकारी कार्यान्वयनको अनुगमनलाई असोज १४ देखि २४ र कात्तिक ११ देखि १५ सम्म सम्पन्न गरेको छ। देशभरका आन्तरिक राजस्व कार्यालयहरू तथा करदातासेवा कार्यालयहरूबाट कर अधिकृतको नेतृत्वमा अनुगमन कार्यको सम्पन्न गरिएको हो। सो अनुगमनका क्रममा १८ हजार ९ सय ४१ करदाताको अनुगमन गरिएको थियो भने अनुगमनका क्रममा विल विजक जारी नगर्ने ६ सय ३१ वटा करदाताहरूलाई विशेष आदेश जारीगरी रु. १७ लाख ५१ हजार जरिवाना असुल गरिएको छ। विभागले अभियान कै रुपमा सञ्चालन गरेको उक्त बजार अनुगमन कार्यक्रमहरूमा उपभोक्ता हित संरक्षण मञ्चका अभियन्ताहरूको समेत सक्रिय सहभागिता रहेको थियो।

## सहकारी संघसँग विभागको अन्तरक्रिया

आन्तरिक राजस्व विभागको आयोजनामा कात्तिक ६ गते राष्ट्रिय सहकारी संघ तथा केन्द्रीय सहकारी संघहरूका पदाधिकारीसँग आर्थिक अध्यादेश २०७० ले प्रदान गरेको छुट सुविधाको व्यवस्थाका सम्बन्धमा अन्तरक्रिया सम्पन्न भयो। कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले दर्ता नभई कारोवार गरेका तथा दर्ता भई विवरण र कर नबुझाएकाहरूले यस मौकाको सदुपयोग गर्न आग्रह गर्नुभयो। सो कार्यक्रममा सहकारी विभागका रजिष्टार श्री केदार न्यौपानेले व्यवसायीहरू करसँग हच्किने वातावरण रहेको बताउनुभयो। उहाँले सहकारी क्षेत्रले कर तिरे अनुरुप बजेटको व्यवस्था हुनुपर्ने र कर र सहकारीको सूचना आदान प्रदानको व्यवस्था मिलाए उपयुक्त हुने बताउनुभयो। राष्ट्रिय सहकारी संघका अध्यक्ष श्री केशव वडालले कर तिर्नसक्ने करदाता तयार गर्ने उद्देश्य आफूहरूको रहेको बताउनु हुँदै आर्थिक अध्यादेश २०७० ले प्रदान गरेको छुट सुविधाको बढीभन्दा बढी सदुपयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।



कार्यक्रममा उपस्थित सहकारी सम्वद्ध व्यवसायीहरू

# अवैध मदिरा नियन्त्रण गर्न विभाग सक्रिय

आन्तरिक राजस्व विभागको आयोजनामा भदौ ११ गते मंगलवार अवैध मदिरा नियन्त्रण समन्वय समितिको बैठक सम्पन्न भएको छ। चाड पर्वहरू नजिकिदै गरेको समयमा अवैध मदिरा र राजस्व छली गरेर बेचिने मदिराहरूलाई नियन्त्रण गर्न मदिरा उत्पादक, वितरकहरूलाई आन्तरिक राजस्व विभागले आफ्नै कार्यालयमा बोलाई बैठकको आयोजना गरेको हो। कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले अवैध मदिराले राजस्व, शान्ति सुरक्षा र जनस्वास्थ्यमा पार्ने प्रभावका वारेमा चर्चा गर्नु भएको थियो। उहाँले चाडवाडको समयमा अवैध मदिरा बिक्री वितरण हुनसक्ने भएका कारण नियन्त्रण गर्न सवै पक्षले पहल गर्नु पर्ने बताउनु भयो। उहाँले इजाजत लिएकाहरूले नै गैरकानुनी काम गरी नक्कली स्टिकरको प्रयोग गरिरहेको बताउनु भयो। सो क्रममा महानिर्देशक श्री शर्माले मदिराको गुणस्तरमा ध्यान नदिने, स्टिकरको प्रयोगमा कडाइ नगर्नाले गर्दा धेरै मदिरा उत्पादन गर्ने उद्योगहरू धरापमा रहेको बताउनुभयो। सरकारी कागजात किर्ते गर्ने र नक्कली स्टिकर प्रयोग गर्नु नक्कली नोट छाप्नु भन्दा पनि खतरनाक



कार्यक्रममा उपस्थित सहभागीहरू

रहेको उहाँले बताउनुभयो। ऐन कानुनले नै अवैध घोषित गरेको घरेलु मदिराको उत्पादन र बिक्री वितरण भैरहेको उल्लेख गर्नुहुँदै महानिर्देशक श्री शर्माले निरीक्षणका क्रममा भेटिएका नक्कली स्टिकर प्रयोग गरिएका मदिराका मालिक अर्काको उत्पादनमा वितरकले नक्कली स्टिकर हाल्यो भनेर पन्छिन खोज्ने गरेको बताउनुभयो। विगतमा पनि सुरक्षा निकायको भूमिका सह्राहनीय रहेको बताउँदै अवैध मदिरा नियन्त्रणका लागि प्रहरीले राजधानीका १३ वटा करदाता सेवा कार्यालयसँग समन्वय गरेर काम गर्न आग्रह गर्नुभयो। मदिरासँग अरु सामान राखेर बेचेको भेटिएमा कारवाही गर्ने बताउदै उहाले बजार अनुगमनलाई तीव्रता दिने बताउनुभयो।

कार्यक्रममा आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री राममणि दुवाडीले ५० करोड नयाँ स्टिकर छपाइ भैसकेको र सुरक्षा सम्बन्धी फिचरको परीक्षण पश्चात् वितरण गरिने योजना रहेको बताउनु भयो। कार्यक्रममा सहभागीहरूले दैनिक रुपमा विहानको समयमा भक्तपुर, बुढानिलकण्ठ क्षेत्र र ललितपुरबाट हजारौं लिटर अवैध मदिरा राजधानी भित्रिने गरेको र सो मदिरा नियन्त्रणका लागि सुरक्षा निकायबाट मापसे चेकिङकै शैलीमा प्रत्येक दिन विहान खानतलासी गर्न आग्रह गरेका थिए। कार्यक्रममा प्रत्येक महिनाको यस्ता वैठकहरूमा कुन डिस्टलरीले कति बिक्री गर्‍यो, कति राजस्व दाखिला गर्‍यो सवै जानकारी उपलब्ध गराउनु पर्ने बताए। कार्यक्रममा सहभागी मदिरा व्यवसायीहरूले स्टिकर नक्कली हो की सक्कली भन्ने कुरा आम जनताले सहजै थाहा पाउने हुनु पर्ने बताएका थिए। कार्यक्रममा सशस्त्र प्रहरीका एसपी श्री श्यामकाजी कुँवर, नेपाल प्रहरीका एसपी श्री रामकृष्णलाल शाह, नेपाल पेय पदार्थ तथा चुरोट उद्योग संघका अध्यक्ष श्री रमेश श्रेष्ठ, नेपाल मदिरा उत्पादक संघका अध्यक्ष श्री रवि केसी, नेपाल मदिरा व्यवसायी महासंघका अध्यक्ष श्री नविनलाल श्रेष्ठ, अवैध मदिरा नियन्त्रण समन्वय समितिका सदस्य सचिव तथा निर्देशक श्री लोकप्रसाद न्यौपाने लगायतका पदाधिकारीहरूको उपस्थिति रहेको थियो।


कुनै पनि कारोवार गर्नु अगाडि स्थायी लेखा नम्बर प्यान लिन नबिर्सौं।

# आर्थिक अध्यादेशको छुट सुविधा उपयोग गर्न आग्रह

आर्थिक अध्यादेश २०७० ले ल्याएको कर सम्बन्धी छुट सुविधाको बढीभन्दा बढी करदाताहरूलाई जानकारी गराउने उद्देश्यले आन्तरिक राजस्व विभागले भदौ २८ गतेका दिन विभिन्न वस्तुगत संघ संगठनहरूसँग अन्तर्क्रिया सम्पन्न गरेको छ। कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै महानिर्देशक श्री टंकमणि शर्माले आर्थिक अध्यादेश २०७० मार्फत् सरकारले विभिन्न क्षेत्रका करदाताहरूलाई (ईंटा उद्यमी, मिसस्याचमा परेका करदाताहरू, सहकारी, पेशागत व्यक्तिहरू पत्रकार, चिकित्सक, वकिल, लगायत अन्यलाई) कर सम्बन्धी विभिन्न विशेष सुविधाहरू दिएकाले सो अध्यादेशमा उल्लेखित समय भित्र कर कानुन अनुसार तिर्नुपर्ने कर तिरेर सरकारले उपलब्ध गराएको विषेश व्यवस्थाबाट फाईदा लिन आग्रह गर्नुभयो। साना व्यवसायीहरूको समस्या सम्बोधन गर्नका लागि यस वर्ष अन्तिम पटक कर सम्बन्धी छुट सुविधाका विशेष व्यवस्थाहरू ल्याइएको भन्नुहुँदै महानिर्देशक श्री शर्माले आर्थिक अध्यादेशले तोकेको समयसीमाको समाप्ति पश्चात् भने पुरानै कानुनको आधारमा करारोपण गरिने स्पष्ट पार्नुभयो। सो क्रममा शर्माले २-३ करोडको व्यापार गर्ने तर करमा चाहिं २० लाख भन्दा कमको कारोवार गरेको देखाएर राजस्व छल्ने कसैलाई पनि नछाडिने बताउनुभयो। उहाँले वर्षौंदेखि राजस्व छलेर भाग्ने व्यवसायीलाई सरकारले कर सम्बन्धी विशेष व्यवस्थाहरू दिने तर वर्षौंदेखि नियमित रुपमा सरकारलाई राजस्व तिर्ने व्यवसायीलाई सरकारले कुनै सुविधा नदिएकोमा व्यवसायीहरूले नै आफूमाथि निरन्तर जिज्ञासा राख्ने गरेकाले अब उप्रान्त कर नतिर्नेहरूलाई कडा कारवाहीको तयारी भइरहेको जानकारी गराउनुभयो। सो क्रममा महानिर्देशक शर्माले छाता संगठनका व्यक्तिहरूले छली गर्ने व्यक्तिहरूको पहिचान गरी कारवाही गर्न र बहिस्कार गर्न समेत आग्रह गर्नुभयो।

कार्यक्रममा आफ्नो धारणा राख्नुहुँदै नेपाल उद्योग वाणिज्य संघका राजस्व सदस्य श्री जगदीश राठीले करमा निरन्तर समस्या आइरहने हुँदा त्यसको समाधान पनि निरन्तरको प्रकृया भएको जनाउँदै विगतमा कर निर्धारण गरिएको तर कर दाखिला नगरेका करदाताहरूका तथा थ्रेसहोल्डका सम्बन्धमा पनि विचार गरिनु पर्ने बताउनुभयो। सो क्रममा उहाँले नीजि क्षेत्रबाट गरिनु पर्ने कार्यक्रम आन्तरिक राजस्व विभागले गरेकोमा धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा क्षेत्रीय स्तरमा यस्तै कार्यक्रमहरू आयोजना गर्न निजी क्षेत्रले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। कार्यक्रममा स्वागत मन्तव्य राख्नु भएका उपमहानिर्देशक श्री राममणि दुवाडीले सहभागीहरूले उठाएका जिज्ञासाहरूको समाधान समेत प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा **GIZ, RAS** प्रोजेक्टका प्रतिनिधि श्री नरसागर श्रेष्ठले **GIZ,RAS** प्रोजेक्टले आम करदाताहरूको व्यवसायिक लागत र समय घटाउनका लागि आन्तरिक राजस्व विभागलाई सूचना प्रविधि लगायतका अन्य विविध क्षेत्रहरूमा निरन्तर सहयोग प्रदान गरिरहेको बताउनुभयो। विभागका निर्देशक श्री गोपालप्रसाद घिमिरेले 'आर्थिक अध्यादेश २०७० ले प्रदान गरेका विशेष व्यवस्थाहरू' विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। कार्यपत्रमा आर्थिक अध्यादेश २०७० मार्फत् केही व्यवसायीका लागि कर सम्बन्धी विशेष व्यवस्था (स्किम)को व्यवस्था गरेको हुँदा आय विवरण बुझाएर करसम्बन्धी दायित्व पुरागर्न आग्रह गर्नु भएको थियो। कार्यक्रममा जडीबुटी, हस्तकला, कृषिजन्य वस्तुको कारोवार, वनस्पती घिउ, कम्प्यूटर एशोसिएसन, हस्तकला व्यवसायी संघ, ग्याँस डिलरका प्रतिनिधि, नेपाल सौर्य विद्युत उत्पादक संघ, नेपाल निर्माण व्यवसायी महासंघ, नेपाल समुद्रपार निकासी पैठासी संघ, भन्सार एजेन्ट महासंघ, नेपाल खुद्रा व्यापार संघलगायतका प्रतिनिधिहरूले कर सम्बन्धी जिज्ञासाहरू राखेका थिए। विभागका महानिर्देशक श्री टंकमणि शर्माको अध्यक्षतामा सम्पन्न भएको सो कार्यक्रममा विभागका उपमहानिर्देशकहरू, निर्देशकहरू, काठमाडौं उपत्यकास्थित राजस्व कार्यालयहरूका प्रमुख कर प्रशासकहरू, प्रमुख कर अधिकृतहरू लगायत ९२ वटा विभिन्न वस्तुगत संघसंघठनका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।





कार्यक्रममा उपस्थित सहभागीहरू

# निर्माण सामग्री व्यापार संघसँग अन्तरक्रिया

आन्तरिक राजस्व विभागको आयोजनामा नेपाल निर्माण सामग्री व्यापार महासंघ केन्द्रीय पदाधिकारी तथा काठमाडौं, भक्तपुर र ललितपुर जिल्ला संघका पदाधिकारीहरूसँग चालु आर्थिक वर्षको आर्थिक अध्यादेश २०७० ले प्रदान गरेका विशेष व्यवस्थाको कार्यान्वयन सम्बन्धमा अन्तर्क्रिया सम्पन्न भएको छ। अन्तर्क्रिया कार्यक्रममा महानिर्देशक श्री टंकमणि शर्माले दर्ता नभई कारोवार भएका, दर्ता भएर पनि विवरण नबुझाएकाहरूलाई करको दायरामा आउन आग्रह गर्नुभयो। विगतको दण्ड, जरिवाना, व्याज सबै मिनाहा हुने भएका कारण विशेष व्यवस्थाको उपयोग गर्न आग्रह गर्नुभयो। पुस मसान्तभित्र पनि करको दायरामा नआए एमा विगतको दण्ड, जरिवाना, व्याज सबै असुल गरिने चेतावनी दिनुभयो। दशैं, तिहार र आगामी निर्वाचनका कारण व्यवसायीहरू करको दायरामा आउने क्रम कम भएको भन्दै महानिर्देशक शर्माले माघ १ गते पछि करको दायरामा नआउने व्यवसायी अनुसन्धानको दायरामा आउने बताउनुभयो। पुस मसान्तभित्र व्यवसायीलाई करको दायरामा आउन आग्रह गर्दै मिसस्याचमा परेकाहरूले पुस मसान्तभित्र सबै मिलाउन आग्रह गर्नुभयो। महानिर्देशक शर्माले यस वर्ष पनि मंसिर १ गते कर दिवस भव्यताका साथ सम्पन्न गर्न लागिएकाले निर्माण सामग्री व्यापार संघको तर्फबाट सक्रिय सहभागिताको अपेक्षा गर्नुभयो। कार्यक्रममा उपमहानिर्देशक राजेन्द्र शर्माले गत वर्ष झण्डै १ हजार करदाता शिक्षा प्रदान गरिएको बताउनुहुँदै, व्यवसायीहरूकै मागका अनुसार नेपाल सरकारले विशेष व्यवस्था गरेकाले पुस मसान्तभित्र करको दायरामा आउन आग्रह गर्नुभयो। आन्तरिक राजस्व विभाग व्यवसायीको जायज माग पूरा गर्न सधै तत्पर रहेको बताउनुहुँदै उहाले मन्त्रालयलाई आफूहरूले आग्रह गरेकै कारण विशेष व्यवस्था भएको बताउनुभयो। कार्यक्रममा सहभागी व्यवसायीहरूले निर्माण सामग्री व्यापारको प्रमुख समस्या नै मिसस्याच रहेको बताए। उनीहरूले आर्थिक अध्यादेशले प्यानमा दर्ता भएकाहरूका लागि मात्रै सम्बोधन गरेकाले भ्याटमा दर्ता भएकाहरूको लागि पनि छुट दिनुपर्ने माग राखे। निर्माण सामग्री व्यवसायमा संलग्नहरू शिक्षित नभएका कारण उनीहरूको लागि सानो सानो समूहमा शिक्षा प्रदान गर्न आग्रह गरे। मिसस्याच आउनुको कारण अज्ञानता, अशिक्षा नै भएको ठोकुवा गरे। त्रुटी कहाबाट भएको हो, समाधान हुनुपर्ने बताउदै सहभागीहरूले २०७० बाट समस्या नआउने, कर तिर्नु व्यवसायीको दायित्व हो भन्दै कर दिवसमा आफूहरूले सक्रिय सहभागिता जनाउन तत्पर रहेको बताए।



कार्यक्रममा उपस्थित व्यवसायीहरूसँग महानिर्देशक शर्मा



आफ्नो आय आफैं हिसाव गरेर ठीक रकम कर तिरौं।

# मूल्य अभिवृद्धि कर Non Filer समस्या र समाधानको उपाय

**जनार्दन पौडेल**, कर अधिकृत, धरान

नेपालमा मूल्य अभिवृद्धि कर प्रणाली लागू भएको १५ वर्ष पूरा भएर १६ वर्ष लागि सकेको छ । यो प्रणाली उमेरले युवा अवस्थामा पुगी सकेको भए पनि व्यवहारिक रुपमा अझै परिपक्व भइनसकेको देखिन्छ। मू.अ.क.मा दर्ता भएर मात्र हुँदैन सही बिल काट्ने, खरीद/विक्री खाता राख्ने र सोहीअनुसारको कर विवरण आन्तरिक राजस्व कार्यालयमा बुझाई राजस्व दाखिला गर्ने प्रवृत्तिको पनि विकास हुनु पर्दछ। विगत केही वर्षको तथ्याङ्क विश्लेषण गर्दा राष्ट्रिय स्तरमा मू.अ.क. तर्फ कर विवरण नबुझाउने (Non Filer) करदाताको औषत प्रतिशत निम्नानुसार देखिन्छ ।

उल्लेखित तथ्याङ्क हेर्दा अझै पनि ठूलो संख्यामा करदाताहरूले आफ्नो कारोवारको विवरण नबुझाई बस्ने गरेको देखिन्छ। आ.व. २०६९/७० मा आन्तरिक राजस्व कार्यालय धरानले उल्लेखनिय मात्रामा Non Filer घटाउन सफल भएको सन्दर्भमा सो अनुभव सबै राजस्व कार्यालय र करदाता सेवा कार्यालयहरूलाई समेत उपयोगी हुने भएको हुँदा बढ्दै गएको Non Filer को समस्यालाई समाधान गरी कर सहभागिता कसरी वढाउने भन्ने वारेमा केही व्यवहारिक र लागू गर्न सकिने उपायहरू प्रस्तुत गरिएको छ ।

| आ.व. | Non Filer% | आ.व. | Non Filer% |
|---|---|---|---|
| २०६३/०६४ | १४.५८ | २०६७/०६८ | २१.२५ |
| २०६४/०६५ | १६.६६ | २०६८/०६९ | २२.३० |
| २०६५/०६६ | १९.०० | २०६९/०७० | २१.५२ |
| २०६६/०६७ | २७.०० | | |

१. धेरै जसो Joint Venture निर्माण व्यवसायीहरू Non Filer हुने गरेको देखिएको छ। दर्ता गर्ने तर काम सकिएपछि बन्द नगर्ने र विवरण पनि नदिई बस्ने कारणले ठूलो संख्यामा त्यस्ता व्यवसायीहरू Non Filer भएका हुन् । तिनीहरूलाई निर्माण व्यवसायी संघ मार्फत् सम्पर्क गरी विवरण दिन लगाउनु पर्दछ । Joint Venture मा सामेल भएका फर्महरूको कर चुक्ता, धरौटी फुकुवा पत्र रोकी त्यस्ता फर्मको Non Filer र बाँकी वक्यौता समेत तिर्न लगाउनुका साथै ठेक्का दिने कार्यालयवाट जारी गरिएको काम सम्पन्न भएको पत्र पेस गर्न लगाई Deregistration को प्रकृया लगाडी वढाउनु पर्दछ।

२. कारोवार वन्द गर्न अनुसूची ११ दिई सकेपछि (जुन विवरण करदाताले manually बुझाउँदछन्) कार्यालयले तत्काल इन्ट्री नगरेको अवस्थामा करदाताले विवरण दिन छाड्दा Protax System मा Non Filer देखिन्छ। त्यसैले कार्यालयमा दर्ता हुन आएका कारोवार वन्द गर्ने कर विवरण (अनुसूची ११) लाई यथासक्य चाँडो इन्ट्री गरेमा करदाता Non Filer हुने अवस्था आउँदैन ।

३. कतिपय करदाताहरूले अनुसूची ११ बुझाई सकेपछि पनि e-Filing system वाट कर विवरण (अनुसूची १०) वुझाउने गरेको देखिएको छ । त्यस अवस्थामा पनि अनुसूची ११ इन्ट्री गर्न खोज्दा अनुसूची ११ दिइ सकेपछिका विवरणहरूलाई मेट्नु पर्ने अवस्था आउने भएकोले अनुसूची ११ इन्ट्री गर्न वाँकी राख्न हुँदैन ।

४. मु.अ.करमा दर्ता गर्न RV इन्ट्री गर्दा चौमासिक हुनपर्ने करदातालाई भूलवस मासिकमा इन्ट्री गरेको पाइने कारणले पनि करदाता Non Filer भएको हुन सक्दछ । करदाताले कर विवरण चौमासिक रुपमा बुझाउन ल्याउने तर System ले मासिक विवरण माग्ने हुँदा पनि **Non Filer** देखिएको हुन सक्दछ। PDCR गरी भुलवस विग्रेको कुरालाई सच्याउँदा पनि Non Filer घट्न सक्दछ।

५. डाटा बिचैमा अड्किएर पनि Non Filer देखिन सक्दछ। जस्तो अनुसूची 11 ईन्ट्री गरेको CB व्याच विभागवाट पोष्ट हुन बाँकी भएर पनि Non Filer देखिएको हुन सक्दछ।

६. करदाताले अघिल्लो महिनावाट तानेको क्रेडिट नमिलेको अवस्थामा e-Filing system वाट कर विवरण रुजु हुन नसक्ने भएकोले पनि Non Filer आउन सक्दछ। त्यस्तो अवस्थामा करदाताको खरिद/विक्री खाता चेक जाँच गरी PDCR गरेर Data सच्याउँदा पनि e-Filing system वाट कर दाताले आफ्नो विवरण दिन सक्ने हुँदा Non Filer हट्दछ ।

७. करदाताले Auto Verify गर्ने Password नलिएको अवस्थामा e-filing गर्ने तर कार्यालयवाट रुजु नगराएको कारणवाट Non Filer रहेको हुन सक्दछ । रुजु नभएका विवरणहरू के कति छन् नियमित रुपमा हेरी रुजु गरी रहनु पर्दछ। त्यसो गर्दा पनि Non Filer रहन पाउँदैन ।

८. दर्ता हुँदाकै अवस्थामा करदातालाई राम्रोसँग जानकारी दिने, नयाँ दर्ता भएका करदाताको स्थिति हेरी वेलालेला फोन गरेर सजग गराउने गरेर पनि Non Filer घटाउन सकिन्छ ।

९. प्राविधिक रुपमा देखा पर्ने Non Filer लाई कम गर्न Protax System मा राम्रो दखल भएको कर्मचारीलाई Non Filer को विविध समस्याहरूको बारेमा हेरी समयमै सुधार ल्याउन जिम्वेवारी तोक्नु पर्दछ। त्यसो गर्दा समस्या थुप्रिन गई जटिल हुन पाउँदैन ।

१०. लगातार १ वर्षसम्म शुन्य विवरण दिने वा विवरण नै नदिई वसेका करदाता भएमा मु.अ.कर ऐन २०५२ को दफा ११(घ१) तथा मु.अ.कर नियमावली २०५३ को नियम १२ वमोजिम Deregistration गरी निष्क्रिय करदाताहरूलाई हटाउँदै जानु पर्दछ। त्यसो गर्दा निष्क्रिय करदातावाट हुन आउने Non Filer को समस्या समाधान गर्न सघाउ पुग्दछ ।

११. Non Filer र वक्यौता रहेका करदाताहरूको नामावली उद्योग वाणिज्य संघ/वस्तुगत संघ संगठनहरू कहाँ पठाई सूचना पाटीमा टाँस गर्न लगाउने वा अन्य उपयुक्त माध्यम जस्तै स्थानिय पत्रपत्रिका मार्फत सार्वजनिक गर्नुपर्दछ ।

१२. FM रेडियो, टिभी च्यानलका Caption मा विज्ञापन दिएर पनि सूचना प्रवाह गर्न सकिन्छ।

१३. उद्योग वाणिज्य संघ, वस्तुगत संघ संगठनहरू र निर्माण व्यवसायी संघहरूलाई उनीहरूका ईकाई समिति समेत परिचालितन हुने गरी सूचना प्रवाह गर्ने र उनीहरूवाट करदाताको वास्तविक स्थिति पत्ता लगाई सोही अनुसार करदातालाई कर प्रशासनको सम्पर्कमा ल्याउनु पर्दछ ।

१४. सूचना दिन र सूचना प्राप्त गर्न सकिने गरी सबै संघ संगठन, निकाय, व्यक्ति पदाधिकारीहरूलाई कर अधिकृतले आफ्नो सम्पर्कमा राख्नु पर्दछ। सम्पर्क गर्न सक्ने क्षमताले नै सफलता प्राप्त गर्न सघाउ पुऱ्याउँदछ।

१५. Non Filer र वक्यौता रहेका निर्माण व्यवसायीहरूको नामावली तिनीहरूलाई ठेक्का दिने जिल्ला प्राविधिक कार्यालय, जिल्ला विकास समितिको कार्यालय सडक/खानेपानी/सिंचाई कार्यालय आदिमा पठाई उनीहरूको कारोवार रोक्न लगाएर पनि उनीहरूवाट वक्यौता असुल गर्नुका साथै Non Filer कम गर्न सकिन्छ ।

१६. प्रयत्न, पुनः प्रयत्न र सधैंको प्रयत्नले नै कुनै पनि काममा सफलता हासिल गर्न सकिन्छ । केही नौला रणनीतिहरू अम्वलम्वत गर्ने तर्फ सधैं सोचिरहनु पर्दछ। सबै भन्दा ठूलो कुरा काम गर्ने प्रतिवद्धता र संवेदनशिलता नै हो। गम्भिरतापूर्वक ध्यान दिएर कुनै काममा लागेमा नै सफलता हासिल गर्न सकिन्छ ।

# आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगर

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माको अध्यक्षतामा असोज २० गते डोटी र डडेलधुरा जिल्लामा र २१ गते कञ्चनपुरमा तत् तत् जिल्लाका उद्योग वाणिज्य संघहरूको सहकार्य एवं आन्तरिक राजस्व कार्यालयहरू, धनगडी र महेन्द्रनगरको संयुक्त आयोजनामा विद्यमान कर नीति र राजस्व परिचालनमा सरकार एवं निजी क्षेत्रको भूमिका विषयक अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न भए। उक्त कार्यक्रमहरूलाई सम्बोधन गर्दै महानिर्देशक श्री टंकमणि शर्माले व्यवासायीहरू पटक पटक उठाउने गरेका अधिकांश मागलाई यस पटकको आर्थिक अध्यादेश, २०७० ले सम्वोधन गरि सकेको र बाँकी माग मध्ये कतिपय मागहरू विभागीय एवं मन्त्रालय स्तरीय निर्णयवाट र बाँकी मागहरूलाई आगामी आ.व.को आर्थिक अध्यादेशमा समेट्ने कुरा व्यक्त गर्नुभयो। सो अवसरमा आन्तरिक राजस्व विभाग समग्र देशको अर्थतन्त्रको विकासको लागि उद्योगी तथा व्यापारीहरूसँग सहकार्य गरी कार्य गर्न तयार रहेको र त्यसको लागि उद्योगी व्यवासयीहरूको साथ चाहिएको कुरा वताउनु भयो। साथै विभागले चालु वर्षमा करको दायरालाई विस्तार गर्ने, कर शिक्षाका माध्यमबाट कर साक्षारता **(Tax Literacy)** बढाउने, अनुगमनलाई प्रभावकारी वनाई स्वच्छ व्यवसायलाई प्रवर्धन र गलतलाई कारवाहीको दायरामा ल्याउने वताउनु भयो।

डडेलधुरामा सञ्चालित कार्यक्रममा उद्योग वाणिज्य संघ डडेलधुराका अध्यक्ष श्री प्रकाश साउदले नेपाल सरकारले आर्थिक अध्यादेश, २०७० मार्फत प्रदान गरेका छुट सुविधाहरू सह्रानीय रहेको र विस लाख भन्दा कम आय भएका करदाताहरूलाई प्रदान गरिएको थप दस्तुर, शुल्क, व्याज र जरिवाना मिन्हाको समयावधि निकै छोटो रहेकोले यसको अवधि पौष मसान्त सम्म थप गर्न आग्रह गर्नु भएको थियो। त्यसैगरी कञ्चनपुरमा सञ्चालित कार्यक्रममा कञ्चनपुर उद्योग वाणिज्य संघका अध्यक्ष श्री गणेशदत्त जोशीले **Miss Match** को सुविधा सम्पूर्ण व्यवासायीहरूलाई हुनु पर्ने भन्दै थप दस्तुर, शुल्क, व्याज तथा जरिवाना मिन्हामा सवैलाई समावेश गर्न माग गर्नु भएको थियो। कार्यक्रमा आफ्ना धारणा राख्ने क्रममा इटा व्यवसायी संघका केन्दीय उपाध्यक्ष श्री तेजबहादुर चन्दले इटा व्यवसाय आकाशे व्यवासाय भएको हुँदा यसलाई मूल्य अभिवृद्धि करमा **Refund** सम्वन्धि सुविधा हुनु पर्ने माग राख्नु भयो। सो अवसरमा आन्तरिक राजस्व कार्यालय महेन्द्रनगरमा दर्ता भएका १६ इटा उद्योगीहरूलाई मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र समेत वितरण गरिएको थियो। स्थानीय करदाताहरू, उद्योग वाणिज्य संघका पदाधिकारीहरू, प्रमुख जिल्ला अधिकारी लगायत अन्य सरकारी कार्यालयका प्रमुखहरूको उपस्थिति रहेको कार्यक्रमहरूलाई आन्तरिक राजस्व कार्यालय, धनगढिका प्रमुख कर अधिकृत श्री दुर्गादत्त भण्डारीले सञ्चालन गर्नुभएको थियो। कार्यक्रमहरूमा आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगरका प्रमुख कर अधिकृत श्री मुक्तिराम आचार्यले स्वागत मन्तव्य सहित कर नीति, कर प्रशासनको विद्यमान रणनीति र आर्थिक अध्यादेश, २०७० ले प्रदान गरेका छुट सुविधा सम्वन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।

# आन्तरिक राजस्व कार्यालय, भैरहवा

उच्च व्यवसायिक नैतिकताको सम्मान करदाता मैत्री कर प्रशासनको अभियान भन्ने नाराका साथ मंसिर १ गते मनाइएको दोश्रो राष्ट्रिय कर दिवसको अवसरमा आन्तरिक राजस्व कार्यालय, भैरहवाले एक अन्तरक्रिया कार्यक्रम समेत सम्पन्न गरेको छ। प्रमुख कर अधिकृत श्री जनकराज शर्माको सभापतित्वमा सम्पन्न कार्यक्रममा यस क्षेत्रका उद्योगी, व्यापारी, पेशाविद, सहकारी कर्मी, लेखा व्यवसायी, मदिरा उत्पादक, मदिरा व्यवसायी, निर्माण व्यवसायी, नागरिक समाज लगायत सेवाग्राही तथा विभिन्न संघसस्था एवं क्षेत्रका व्यक्तिहरूको सहभागिता थियो। कार्यक्रममा कर अधिकृत श्री प्रेमराज पोखेलले सबै व्यवसायीहरूलाई करको दायरामा आउन आग्रह गर्दै करदाता मैत्री वातावरण निर्माण गर्न कर कार्यालय कटिबद्ध रहेको जनाउनुभएको थियो। सो क्रममा उहांले सरकारले आर्थिक अध्यादेश, २०७० मार्फत करमा विभिन्न किसिमका विशेष सुविधा र छुट प्रदान गरेको र ती सहुलियतबाट सबै करदातालाई फाइदा उठाउन समेत आग्रह गर्नुभयो। कार्यक्रममा सहभागी सेवाग्राही तथा संघसंस्थाका प्रतिनिधीहरूले करदाता मैत्री प्रशासनमा जोड दिदै सेवाग्राहीलाई झन्झटिलो नहुने र सहजरुपमा काम सम्पन्न हुने वातावरण र अनलाईन सेवालाई अझ बढी प्रभावकारी बनाउनु पर्नेमा जोड दिएका थिए। उनीहरूले सेवा सुविधा विस्तार गर्दै सेवाग्राहीलाई सहजरुपमा कर तिर्ने वातावरण बन्नु




दोस्रो राष्ट्रिय कर दिवसको अवसरमा आयोजित कार्यक्रमका सहभागीहरु

पर्नेमा समेत जोड दिएका थिए।

कार्यक्रममा सिद्धार्थनगर उद्योग बाणिज्य संघका अध्यक्ष विष्णु शर्मा, नेपाल राष्ट्रिय उद्योग व्यापार संगठन रुपन्देहीका अध्यक्ष मनिष जोशी, मदिरा व्यवसायी संघका अध्यक्ष खिमबहादुर खत्री, सिद्धार्थ निर्माण सामग्री व्यवसायी संघका अध्यक्ष मधुप्रसाद आचार्य, सामुहिक विद्यालय परिवारका अध्यक्ष बसन्त पाण्डे, ट्रान्सपरेन्सी ईन्टरनेशनल रुपन्देहीका अध्यक्ष सोमराज सिग्देल, लेखापरीक्षक डि. आर. शर्मा. महिला उद्यमी तथा उद्योग बाणिज्य महासंघकी केन्द्रिय सदस्य शान्ता जि. सी. लगायतले करको महत्वका साथै करमा देखिएका जटिलताहरूको बारेमा चर्चा गरेका थिए। साथै आन्तरिक राजस्व कार्यालय भैरहवाले आफ्नो कार्यक्षेत्रमा करको दायरा विस्तार गरी सहज र सरल तरिकाले आय विवरण र सो बमोजिमको कर असुल गर्न विभिन्न घुम्ती टोली परिचालन गरेको छ। कार्यालयको कार्यक्षेत्र अर्न्तगत पर्ने नवलपरासी जिल्लाका करदाताहरूको लागि भाद्र २८ गते उद्योग बाणिज्य संघ नवलपरासीको सभाहलमा टोली परिचालन गरिएको थियो। उक्त टोलीले करिब ४०० सय करदाताको आय विवरण र सो बमोजिमको कर करिब रु. ८ लाख असुल गरेको थियो। कर अधिकृत श्री प्रेमराज पोखेल र नायब सुब्बा श्री दुर्गादत्त भट्टको

सहभागिता रहेको उक्त टोलीले स्थायी लेखा नं. (PAN) प्रदान गर्ने, मू.अ.करमा दर्ता हुनुपर्ने कारोवार रहेका तर आयकरमा मात्र दर्ता भएका करदातालाई मूल्य अभिबृद्धि करमा दर्ता गराउने लगायत स्थलगत रुपमा विवरण PDCR गर्ने जस्ता सेवाहरू समेत स्थानीय व्यवसायीहरूलाई प्रदान गरेको थियो ।

## आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. ३

आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं ३ लाजिम्पाटले अबैध मदिराको उत्पादन तथा ओसार पसारमा नियन्त्रणको लागि बिशेष अभियान सम्पन्न गरेको छ। अबैध मदिरा नियन्त्रणलाई अगाडि बढाउने क्रममा असोज ६ गते देखि ४ दिन सम्म प्रचार/प्रसार तथा अबैध मदिरा उत्पादन हुने स्थानको गोप्य रुपमा स्थानीय प्रहरी तथा नागरिक समाजको सहयोगबाट सूचना संकलन गरिएको थियो । सो पश्चात असोज ११ गतेका दिन आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं ३ अन्तर्गतका सेवा कार्यालयहरू कालिमाटी, कलंकी, बालाजु, महाराजगञ्ज तथा टंगालको अगुवाई तथा यस कार्यालयको समन्वय र स्थानिय प्रहरीको सहयोगमा ती स्थानमा उत्पादन भई बिक्रीको लागि तयारी अवस्थामा राखिएको र अर्धतयारी अवस्थामा रहेको करिव २०,००० लिटर मदिरा स्थानीय व्यक्तिको रोहवरमा नष्ट गरियो भने उत्पादन कार्यमा प्रयोग भएका सामानहरू मुचुल्का तयार गरी ल्याइएको छ ।

यस क्रममा करदाता सेवा कार्यालय कलंकीको टोलीले काठमाण्डौको चमती स्थित एउटा घरको चौथो तलामा उत्पादन गरी भण्डारण गरेको तयारी र अर्धतयारी करिव ११,००० लिटर मदिरा नष्ट गरेको छ । सो कार्यमा संलग्न व्यक्तिलाई थप अनुसन्धानका लागि थुनामा राखी कारवाही अगाडि बढाइ राखिएको छ । करदाता सेवा कार्यालय महाराजगंजको टोलीले करिव ४,००० लिटर र करदाता सेवा कार्यालय बालाजुको टोलीले करिव ६,००० लिटर तयारी तथा अर्धतयारी अवस्थाको मदिरा नष्ट गरेको छ। सो कार्यमा संलग्न व्यक्तिहरूको खोजि कार्य भइरहेको समेत टोलीमा खटिएका कर्मचारीले जानकारी गराएका छन् । यस सम्बन्धमा आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं ३ लाजिम्पाटका तर्फबाट यस्ता कार्यक्रमहरू निरन्तर सञ्चालन गरि अबैध कार्य नियन्त्रण गराएरै छाडने प्रतिवद्धता गरिएको छ । साथै २०७० असोज १४ गतेका दिन वल्खु, कलंकी, सितापाइला, बालाजु तथा बुढानिलकण्ठ भएर चल्ने सवारी साधनबाट अवैध मदिरा ओसार पसार भए नभएको सम्बन्धमा विहान ४ बजे देखि ८ बजे सम्म सम्बन्धित करदाता सेवा कार्यालयको अग्रसरता, स्थानीय प्रहरीको सहयोग तथा आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं ३ को समन्वयमा सर्च अभियान सञ्चालन गरी फेला परेको अवैध मदिरा नष्ट गरियो ।

## आन्तरिक राजस्व कार्यालय ललितपुर

करप्रशासनलाई सक्षम, सफल र प्रभावकारी वनाउने उद्देश्यले आन्तरिक राजस्व कार्यालय ललितपुरले ललितपुर मदिरा व्यवसायी संघको समन्वयमा असोज ५ गते करदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको छ। उक्त कार्यक्रमको उद्घाटन आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री राममणी दुवाडीले गर्नुभएको थियो। सो अवसरमा कर प्रशासन जति सक्षम र सवल छ त्यसै गरी करदाता समेत कर कानुनका विषयमा जानकार हुनु पर्नेमा उपमहानिर्देकले जोड दिनु भएको थियो ।

सो कार्यक्रममा आन्तरिक राजस्व कार्यालय ललितपुरका प्रमुख कर अधिकृत श्री पदमकुमार श्रेष्ठले आर्थिक अध्यादेश २०७० ले करदातालाई दिएको छुट सुविधा समयमा नै उपयोग गर्न आग्रह गर्नु भएको थियो । करको दायराबाट कोही पनि मुक्त हुन नसक्ने हुँदा सवै व्यवसाय करको दायरामा आउन आग्रह गर्नु भयो । उक्त करदाता शिक्षा कार्यक्रममा कर अधिकृत श्री धनिश्वर अर्यालले आयकर, मु.अ.कर र अन्तशुल्कका विषयमा कार्यपत्र पस्तुत गर्नु भयो



आन्तरिक राजस्व कार्यालय ललितपुरले आयोजना गरेको कार्यक्रमका सहभागीहरु

भने प्रमुख कर अधिकृत तथा कर अधिकृतहरूले सहभागिका प्रश्नको उत्तर दिनु भएको थियो । सो कार्यक्रम ललितपुर मदिरा व्यवसायी संघका अध्यक्ष श्री राजेन्द्र तामाङको अध्यक्षता तथा उपमहानिर्देशक श्री राममणी दुवाडीको प्रमुख आथित्थतामा सञ्चालन भएको थियो। कार्यक्रममा नेपाल मदिरा व्यवसायी महासंघका प्रतिनिधीहरू तथा काठमाण्डौ र ललितपुर मदिरा व्यवसायी संघका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

यसै गरी आन्तरिक राजस्व कार्यालय ललितपुरले ललितपुर जिल्लामा रहेका ३१ वटा वस्तुगत संघहरूका प्रतिनिधिहरू, ललितपुर उधोग वाणिज्य संघका पदाधिकारी र करदाताहरूवीच मिति २०७०/७/११ गते ललितपुर उधोग वाणिज्य संघको सभाहलमा कर सम्वन्धि अर्न्तक्रिया कार्यक्रम सञ्चालन गरेको थियो । उक्त अन्तर्क्रियामा कर अधिकृत श्री धनिश्वर अर्यालले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने सहभागिहरूका जिज्ञासाहरू प्रमुख कर अधिकृत श्री पदम कुमार श्रेष्ठले सम्वोधन गर्नु भएको थियो ।

त्यसै गरी ललितपुर इट्टा भट्टा उधोग संघसंग समन्वय गरी ललितपुर जिल्लाभित्र रहेका सवै इट्टा भट्टा उद्योगहरूका प्रतिनिधीहरू सम्मिलित मु.अ.कर सम्वन्धि एक दिने कर तालिम कार्यक्रम कार्तिक १३ गते सञ्चालन गरिएको थियो। इट्टा व्यवसायीका समस्या तथा कर सम्वन्धि विधमान कानूनका विषयमा प्रमुख कर अधिकृत श्री पदमकुमार श्रेष्ठले व्यवसायीहरूलाई जानकारी गराउनु भयो ।

# जनकपुरमा दोश्रो राष्ट्रिय कर दिवस

"उच्च व्यवसायिक नैतिकताको सम्मान, करदाता मैत्री करप्रशासनको अभियान" भन्ने नाराका साथ आन्तरिक राजस्व कार्यालय जनकपुरले मंसिर १ गते दोस्रो राष्ट्रिय कर दिवस मनाएको छ। उक्त कार्यक्रममा प्रमुख अतिथि रहनुभएका संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री शान्तबहादुर श्रेष्ठले करदाताहरूलाई समयमै कर तिरी कानुनी कारवाहीबाट बच्न आग्रह गर्दै करको दायरा विस्तार गरी आन्तरिक राजस्व मार्फत् देशको अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन आग्रह गर्नुभयो। सो अवसरमा सचिव श्री श्रेष्ठले आफू आन्तरिक राजस्व विभागको महानिर्देशक हुँदाको समयमा भन्दा आन्तरिक राजस्व कार्यालय जनकपुरको समग्र कार्यसम्पादन अवस्थामा अहिले धेरै सुधार भएकोमा खुसी समेत व्यक्त गर्नुभयो।

उक्त कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्री हरिप्रसाद मैनालीले कर






आन्तरिक राजस्व कार्यालय जनकपुरले आयोजना गरेको कार्यक्रममा सहभागीहरू

तिरी राष्ट्र निर्माणमा सहयोग गर्न सवैलाई आग्रह गर्नुभयो भने जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष श्री श्यामप्रसाद साह र नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष श्री रामआशिष यादवले कार्यालयले करदाता मैत्री भएर काम गरेको तथा करदाताहरूलाई कर सम्बन्धी विविध विषयमा जानकारी गराएर कर तिर्न इच्छुक बनाएकोमा धन्यवाद दिनुभयो।

अञ्चल प्रहरी कार्यालय जनकपुरमका वरिष्ठ प्रहरी उपरीक्षक श्री शिव लामिछाने, जनकपुर उद्योग वाणिज्य संघ अध्यक्ष श्री श्यामप्रसाद साह, सरकारी कार्यालयका प्रमुखहरू, उद्योगी, व्यापारी, लेखापरिक्षक, कर सहयोगी एवं पत्रकारहरूको बाक्लो उपस्थिति रहेको उक्त कार्यक्रममा प्रमुख कर अधिकृत श्री रमेश अर्यालले कार्यालयको कार्यसम्पादनको समग्र अवस्था र चुनौतीको विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यालयको कार्यक्षेत्र अन्तर्गत २७ हजार ४९ करदाता रहेको र चालु आ.व.को पहिलो चौमासिकमा लक्ष्यको तुलनामा १०९ प्रतिशत तथा गत आ.व.को सोही अवधिको तुलनामा ३२ प्रतिशत बढी राजस्व संकलन गर्न कार्यालय सफल रहेको जानकारी गराउनु भयो। घुम्ती टोलीद्वारा सेवाप्रवाह, करदाता शिक्षा, बजार अनुगमन, बक्यौता असुली, बेरुजु फछ्यौंट, करको दायरा विस्तार लगायतमा कार्यालयले अग्रसरता देखाउदै आएको बताउनु भयो। कार्यालयले करदातामैत्री भएर कार्यसम्पादन गर्ने प्रतिबद्धता व्यक्त गर्दै करदाताले पनि व्यवसायिक एवं पारदर्शी भएर व्यापार व्यवसाय गर्न आग्रह गर्नुभयो।

### जनकपुरमा करदाता शिक्षा तथा अन्तर्क्रिया

आन्तरिक राजस्व कार्यालय, जनकपुरले कार्तिक १२ गते कार्यालयको सभाहलमा करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ। जनकपुर अञ्चल इँटा व्यवसायी संघका अध्यक्ष श्री विनयकुमार यादवको अध्यक्षतामा भएको सो कार्यक्रम मूल्य अभिबृद्धि करमा दर्ता भएका इँटा उद्योगहरूलाई भ्याट सम्वन्धी जानकारी दिनको लागि आयोजना गरिएको थियो। आर्थिक अध्यादेश, २०७० ले मू.अ.करमा दर्ता नभई कारोवार गरिरहेका इँटा उत्पादक उद्योगले २०७० साल असोज मसान्तभित्र मू.अ.करमा दर्ता भई कारोवार गरेमा त्यस्ता उद्योगहरूले दर्ता हुनुपूर्व गरेको करयोग्य कारोवारमा मू.अ.कर ऐन बमोजिम लाग्ने कर, थप दस्तुर, व्याज र जरिवाना मिन्हा हुने व्यवस्था गरेको थियो। सो सुविधा लिदै धनुषा जिल्लाका ३६, महोत्तरी जिल्लाका २० र सर्लाही जिल्लाका २१ गरी ७७ इट्टा उद्योग मू.अ.करको दायरामा आएका छन्।

कार्यक्रममा मूल्य अभिबृद्धि कर तथा आयकरका विविध विषयवस्तु समेटेर कार्यपत्र प्रस्तुत गरिएको थियो। ७० जना इँटाभट्टा व्यवसायीको उपस्थिति रहेको सो कार्यक्रममा सहभागीहरूले कर सम्वन्धमा नबुझेका कुराहरू सोधेका थिए। प्रमुख कर अधिकृत श्री रमेश अर्यालले मू.अ.करमा दर्ता भएका उद्योगले अनिवार्य रुपमा मू.अ.करमा बिल काटेर इट्टा बिक्री बितरण गर्न र कारोवारको खातापाता अद्यावधिक गरेर राख्न आग्रह गर्नु भयो। नेपाल इँटा उद्योग महासंघका केन्द्रीय सदस्य हरि मैनाली, जनकपुर अञ्चल इँटा व्यवसायी संघका अध्यक्ष विनयकुमार यादव लगायतका सहभागीहरूले कार्यालयले मू.अ.कर सम्वन्धी विविध विषयमा जानकारी गराएकोमा खुशी व्यक्त गरेका थिए।

# आन्तरिक राजस्व कार्यालय पोखरा

माननीय अर्थ र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री श्री शंकरप्रसाद कोईरालाले असोज ११ मा आन्तरिक राजस्व कार्यालय पोखराको स्थलगत भ्रमण गर्नुभएको थियो। उक्त अवसरमा माननीय मन्त्रीद्वारा कार्यालयको नवनिर्मित भवन करदाता मैत्री भएको र भवनको संरचना अनुसारनै सेवा प्रवाह गर्नुपर्ने तथा पुरानो भवनलाई समेत आवश्यकता अनुसार प्रयोगमा ल्याउनुपर्ने निर्देशन दिनुभएको थियो। सुन्दर नगरी पोखरा नेपालको प्रमुख पर्यटकीय स्थल भएको र यस क्षेत्रमा करको दायरा बढाउन सकिने प्रशस्त संभावनाहरू रहेको विचार समेत व्यक्त गर्नुभएको थियो।

त्यसैगरी, आन्तरिक राजस्व कार्यालय पोखराबाट दोस्रो राष्ट्रिय कर दिवस २०७० को उपलक्ष्यमा मंसिर १ गते कार्यालय परिसरमा औपचारिक कार्यक्रमको अयोजना गरी दोस्रो राष्ट्रिय कर दिवस २०७० सम्पन्न गरिएको थियो। उक्त अवसरमा उद्योग बाणिज्य संघ पोखरा, तनहुं, स्याग्दी, पर्वत लगायत यस कार्यालयको कार्यक्षेत्र भित्रका सवै जिल्लाका उद्योग बाणिज्य संघका अध्यक्षलगायतका पदाधिकारीहरू, वस्तुगत संघ संगठनका पदाधिकारीहरू, करदाताहरू,

लेखा परिक्षकहरू, कार्यालयका कर्मचारीहरू लगायतको उल्लेख्य उपस्थिति रहेको थियो । साथै, सो अवसरमा विभिन्न उद्योग वाणिज्य संघका अध्यक्षहरूले दोस्रो राष्ट्रिय कर दिवसको उपलक्ष्यमा शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो ।

आन्तरिक राजस्व कार्यालय पोखराले आर्थिक ऐन २०७० ले



आन्तरिक राजस्व कार्यालय पोखराको कार्यक्रममलाई सम्बोधन गर्नुहुदै माननीय अर्थमन्त्री श्री शंकरप्रसाद कोइराला र कार्यक्रमका सहभागीहरू

व्यवस्था गरेका कर सम्वन्धी छुट लगायतका विविध विषयहरूमा उद्योग बाणिज्य संघ पोखरा, तनहुं, म्याग्दी, पर्वत लगायत विभिन्न स्थानहरूमा २०७० भाद्र र असोज महिनामा अन्तर्क्रिया तथा करदाता शिक्षा कार्यक्रमहरू सञ्चालन गरेको र आर्थिक ऐन २०७० ले प्रदान गरेको विभिन्न सुविधाहरू हाल सम्म करिव ३०० भन्दा बढी करदाताहरूले उपयोग गरिसकेको कार्यालयको अभिलेखबाट देखिन्छ। साथै, आन्तरिक राजस्व कार्यालय पोखराको कार्यक्षेत्र भित्रका करदाताहरूलाई करदाता दर्ता, आयकर, मू.अ.कर, अन्त:शुल्क, शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा कर, अग्रिम कर कट्टी लगायतका विविध विषयहरूमा सुसूचित गर्न चालु आ.व.मा जिल्ला स्तरिय उद्योग बाणिज्य संघ एवं स्थानिय ईकाईहरूका पदाधिकारीहरूको समन्वयमा विभिन्न स्थानहरूमा कारदाता शिक्षा सञ्चालन गरिएको थियो । साथै, पोखरा स्थित एफ एम रेडियोहरूबाट कर सम्वन्धी सचेतना मूलक कार्यक्रम समेत सञ्चालन गरिएको थियो । यस किसिमको करदाता शिक्षा कार्यक्रमले आयकर, मू.अ.कर तथा शिक्षा सेवा शुल्क संकलनमा महत्वपूर्ण योगदान पुगेको देखिन्छ ।

## आन्तरिक राजस्व कार्यालय बुटवल

आन्तरिक राजस्व कार्यालय बुटवलले कार्यालयका निमित्त प्रमुख कर अधिकृत टेकबहादुर अर्यालको सभापतित्वमा १ दिने



आन्तरिक राजस्व कार्यालय वुटवलले आयोजना गरेको कार्यक्रमका सहभागीहरू

दोश्रो राष्ट्रिय कर दिवस २०७० कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा रुपन्देही उद्योग बाणिज्य संघ, रुपन्देही व्यापार संघ, नेपाल राष्ट्रिय उद्योग संघका अध्यक्ष तथा प्रतिनिधि, लेखापरीक्षक, पत्रकार तथा आमसञ्चारका प्रतिनिधि एवं कार्यालयका कर्मचारी लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा कर अधिकृत लोकराज पन्तले स्वागत मन्तव्य दिनुभएको थियो। सो अवसरमा रुपन्देही उद्योग बाणिज्य संघका अध्यक्ष सुरेन्द्र श्रेष्ठ, नेपाल राष्ट्रिय उद्योग संघ रुपन्देहीका अध्यक्ष टंकप्रसाद पोखरेल, र लेखापरीक्षक नेत्रप्रसाद ज्ञवालीले सुझाव तथा शुभकामना मन्तव्य व्यक्त गर्नुभयो । कर अधिकृत सुनिलराज देवकोटाले सञ्चालन गर्नुभएको सो कार्यक्रममा निमित्त प्रमुख कर अधिकृत अर्यालले उपस्थित महानुभावहरूको सल्लाह, सुझाव तथा जिज्ञासाको सम्बोधन गर्नुका साथै करदातामैत्री कर प्रशासनको माध्यमबाट कर प्रशासनलाई स्वच्छ, पारदर्शी र प्रभावकारी बनाउन कार्यालय प्रतिबद्ध रहेको र करदाताले पनि उच्च व्यवसायिक नैतिकता एवं आचरणको परिपालना गर्नुपर्नेमा जोड दिदैं धन्यबाद ज्ञापनका साथ कार्यक्रमको समापन गर्नुभयो ।

## आन्तरिक राजस्व कार्यालय कृष्णनगर

**GIZ, RAS Project** को सहयोग, आन्तरिक राजस्व कार्यालय, कृष्णनगरको आयोजना तथा कपिलवस्तु व्यापार संघको समन्वयमा कपिलवस्तुको गोरुसिंगेमा बृहत करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रमका अध्यक्ष तथा आन्तरिक राजस्व कार्यालय, कृष्णनगरका निमित्त प्रमुख कर अधिकृत सूर्य सुर्खालीले आर्थिक अध्यादेश २०७० ले प्रदान गरेका छुट सुविधाको अधिकतम रुपमा उपयोग गर्ने वातावरणको सिर्जना गर्न उद्योग वाणिज्य संघका प्रतिनिधीहरूलाई आग्रह गर्नुभयो। कर अधिकृत श्री टोपेन्द्रकुमार थापाले मिसम्याच र नन् फाईलर लगायतका समस्या बढेको भन्दै कारोवारको यथार्थ लेखा अध्यावधिक गरी समयमै विवरण बुझाउन करदाताहरू सचेत हुनुपर्ने वताउनुभयो। साथै उहाँले मिसम्याचमा परेका पूर्वानुमानित विवरण वुझाएका करदातालाई पौष मसान्तसम्म फरक परेको बिक्रीको स्वयम घोषणा गरी करदाखिला गर्ने छुट आर्थिक अध्यादेशले दिएकोले सोको उपयोग गरी व्याज तथा जरिवानाबाट वच्न सुझाव दिनुभयो ।

सो कार्यक्रममा सवै उद्योग वाणिज्य संघका प्रतिनिधिहरूले आफ्नो विचार व्यक्त गर्नुका साथै आफ्ना व्यववसायसँग सम्बन्धित समस्या तथा गुनासाहरू राखेका थिए भने उपस्थित कर अधिकृतहरूले तिनको समाधान गर्नुभएको थियो। कार्तिक १४ गते जयनगर गाविसको सभाहलमा सञ्चालित उक्त कार्यक्रममा आन्तरिक राजस्व कार्यालय, कृष्णनगरका कर अधिकृतहरू तथा कपिलवस्तु व्यापार संघ, तौलिहवा उद्योग वाणिज्ड संघ, चन्द्रौटा उद्योग वाणिज्य संघ र अर्घाखाची उद्योग वाणिज्य संघका प्रतिनिधि लगायत स्थानिय करदाताहरूको व्यापक सहभागिता रहेको थियो ।

## आन्तरिक राजस्व कार्यालय नेपालगञ्ज

आन्तरिक राजस्व कार्यालय नेपालगञ्जको आयोजनमा २०७० भाद्र २१ र २२ गते बर्दिया जिल्लाको सानोश्रीमा घुम्ती सेवा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा कर अधिकृत भिमप्रकाश देवकोटाले मु.अ.कर र करदाताको दायित्व विषयक एक दिने प्रशिक्षण दिनु भयो । प्रशिक्षण कार्यक्रमा ७०

जना स्थानीय व्यावसायीको सहभागीता थियो । सोही अवसरमा **e-TDS, e-return** गर्ने तरिका र नेपाल सरकारले साना ब्यावसायीलाई दिएको स्किमको बारेमा जानकारी दिनु भएको थियो । उ.बा.संघ सानोश्रीले आयोजक रहेको कार्यक्रममा ३५ करदाता करको दायरामा आएका, १७० आय विवरण प्राप्ति र ७ अन्तःशुल्क इजाजतपत्र प्रदान तथा नविकरण भएको थियो ।

## करदाता सेवा कार्यालय कोटेश्वर

करदाता सेवा कार्यालय कोटेश्वर र **GIZ RAS Project** को संयुक्त आयोजनामा ताज ब्यांकेट, तिनकुने, कोटेश्वरमा २०७० कार्तिक १३ गते बुधवार करदाता शिक्षा कार्यक्रम सञ्चालन गरियो । सो कार्यक्रम प्रमुख कर अधिकृत श्री लिला बल्लभ न्यौपानेज्यूको अध्यक्षतामा सञ्चालन भएको थियो । वहाँले करदाताहबाट आर्थिक अध्यादेश २०७० ले दिएका छुट सुविधासम्बन्धी तथा कर सम्बन्धी



आन्तरिक राजस्व कार्यालय कोटेश्वरले आयोजना गरेको कार्यक्रमका सहभागीहरु

अन्य समसामयिक नीतिगत विषयमा उठेका जिज्ञासाहरूको समाधानका विषयमा प्रकाश पार्नु भएको थियो । उक्त कार्याक्रममा नेपाल निर्माण सामाग्री ब्यापार महासंघ, नेपाल मार्वल व्यवसायी संघ, कोटेश्वर व्यवसायी संघ, पशुपति निर्माण सामाग्री व्यापार संघ, सहकारी संस्था एवं शिक्षण संस्थाका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

उक्त कार्यक्रममा नेपाल निर्माण सामाग्री व्यापार संघ क्षेत्र नं. ७ का अध्यक्ष अच्युत के.सी.ले **Mismatch** र अध्यादेशले दिएको छुट सम्बन्धी विषयमा आफ्नो मन्तव्य राख्नु भएको थियो । कोटेश्वर व्यवसायी संघका अध्यक्ष श्री हरिशरण पाठकले घर बहाल करको दर र तिर्ने दायित्वको विषयमा स्पष्ट नीतिगत अभावमा साना-ठूला करदातालाई एउटै व्यवहार गरेकोले साना करदाता मारमा परेको कुरा ब्यक्त गर्नु भयो । सो कार्यक्रममा कर अधिकृत श्री उदयसिंह बिष्टले “आर्थिक अध्यादेश २०७० ले गरेको कर छुट सम्बन्धी व्यवस्था र कर सहभागीता” विषयको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

## करदाता सेवा कार्यालय बालाजु

करदाता सेवा कार्यलय बालाजुले असोज ११ गते बालाजुमा र कार्तिक ९ गते नुवाकोट जिल्लाको सदरमुकाम विदुरमा नुवाकोट उद्योग वाणिज्य संघसँगको समन्वयमा छुट्टा छुट्टै अन्तर्क्रिया कार्यक्रमहरू सम्पन्न गरेको छ । कार्यक्रममा करदातासेवा कार्यालय बालाजुका कर अधिकृतहरूले उक्त करदाता शिक्षा सम्बन्धी कार्यक्रममा व्यवसायीहरूलाई आयकर, मू.अ. कर, अन्तःशुल्क, शिक्षासेवा कर, स्वास्थ्य सेवा कर, अग्रिम कर कट्टि लगायतका कर सम्बन्धी विविध पक्षका सम्बन्धमा र आय विवरण दाखिला गर्ने, कर दाखिला गर्ने समयावधि, अनुमानित कर विवरण पेश गर्ने तथा कर दाखिला गर्ने, कर दर्ता गर्ने, कर दर्ता गर्दा संलग्न हुनुपर्ने आवश्यक कागजातहरू, समयमा आय विवरण दाखिला नगर्दा तथा समयमा कर दाखिला नगरेमा हुने दण्ड जरिवाना तथा थप शुल्क तथा ब्याजका बारेमा व्यवसायीहरूलाई प्रशिक्षण प्रदान गर्नुभएको थियो ।

सो क्रममा आर्थिक अध्यादेश, २०७० को दफा २१ देखि दफा २८ ले प्रदान गरेका छुट सुविधाहरूका वारेमा समेत व्यवसायीहरूलाई जानकारी गराउनुका साथै व्यवसायीहरूबाट सोधिएको जिज्ञासाहरूको समाधान प्रदान गरिएको थियो । कर अधिकृत यामबहादुर रानाले ई फाइलिङ तथा आय विवरण मू.अ.कर विवरणको कम्प्युटर विवरण प्रविष्टि गर्ने सम्बन्धमा आवश्यक प्राविधिक पक्षका बारेमा जानकारी गराउनुभएको थियो । भने कर अधिकृत केशरबहादुर थापाले करदाता तथा कर प्रशासनकाबीचमा नङ र मासुको जस्तो सम्बन्ध रहने तथा एकापसमा सहयोग र सहकार्य गर्नुपर्ने यस्तो सहकार्य व्यवसायिक मर्यादा तथा पेशागत आचरणको सीमाभित्र रहेर गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रमा कर अधिकृत गोबिन्दप्रसाद आचार्यले करदाताले आफ्नो कारोबार गर्दा प्रचलित कानूनको परिधिभित्र रहेर गर्नुपर्ने र नियमसम्मत कारोबारमा प्रशासनका तर्फबाट सहयोग गरिने बताउनुहुँदै मदिरा तथा सूर्तिजन्य पदार्थको कारोवार गर्दा मदिरा तथा सूर्तिजन्य वस्तुकोमात्र कारोबार गर्नुपर्ने तथा अवैध मदिराको नियन्त्रण सम्बन्धमा प्रकाश पार्नुभएको थियो ।

मदिरा व्यवसायीहरूको समेत सहभागीता भएको उक्त कार्यक्रममा कर अधिकृत गोविन्दप्रसाद आचार्यले व्यवसायीहरूलाई अन्तःशुल्क इजाजत लिने, समयमा नवीकरण गर्ने व्यवस्था, जरिवाना, अन्तःशुल्क जन्य पदार्थ खासगरी मदिरा तथा सूर्तिजन्य पदार्थको कारोवार र अन्य पदार्थको कारोवारकोबीचमा रहेका आधारभूत भिन्नता, व्यवसायीले अपनाउनुपर्ने सजगताका सम्बन्धमा व्यवसायीहरूलाई जानकारी गराउनु भएको थियो भने कर अधिकृत रामकुमार श्रेष्ठले करदाताले राखेका जिज्ञासाको उत्तर दिनुभएको थियो ।

करदाता शिक्षा कार्यक्रमहरूमा आर्थिक अध्यादेश, २०७० को दफा २१ देखि दफा २८ ले करदातालाई प्रदान गरेका छुट सुविधाहरूका वारेमा व्यवसायीहरूलाई सुसूचित गराइएको थियो ।

सो कार्यक्रममा आफ्ना धारणा राख्दै नुवाकोट उद्योग वाणिज्य संघका अध्यक्ष श्री राजन श्रेष्ठले कर शिक्षाका कार्यक्रमहरू प्रभावकारी एवं फलदायी हुने बताउनुभयो । स्थानीय व्यवसायी एवं करदाताहरूले कर कानुनको जटिलता र प्रकृयामा समय सापेक्ष सरलीकरण गरी कर कानुनलाई सहज बनाउनु नितान्त आवश्यक रहेको र समय समयमा कर प्रशासनले यस क्षेत्रमा आय विवरण र दर्ता गर्ने गराउने कार्य गरेमा निश्चयनै कर सहभागिता बढ्ने अपेक्षा राखेका थिए ।

## विषय : मूल्य अभिवृद्धि कर ऐन, २०५२ (संशोधन सहित) को दफा ८(३) को कार्यान्वयन सम्बन्धमा ।

उपरोक्त विषयमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ (संशोधन सहित) को दफा ८(३) मा रहेको "व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने पचास लाख रुपैयांभन्दा बढीको भवन, वा अपार्टमेन्ट वा सपिङ कम्प्लेक्स र विभागले तोकेका यस्तै प्रकारका अन्य संरचना दर्ता नभएको व्यक्तिबाट निर्माण गराएको भए तापनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराए सरह मानी कर दाखिला गर्नु पर्नेछ। त्यसरी दाखिला नगरेमा सो संरचनाको स्वामित्व रहेका व्यक्तिबाट कर निर्धारण गरी असूल उपर गरिने छ।" भन्ने व्यवस्थाको कार्यान्वयनमा एकरुपताको लागि विगतमा यस विभागबाट मिति २०६६/५/११ र २०७०/१/४ मा परिपत्र गरिएकोमा ती परिपत्रहरूले ऐनको उल्लेखित दफाको व्यवस्था कार्यान्वयनमा दुविधा उत्पन्न हुन गएकोले सो सम्बन्धमा निम्नानुसार गर्न गराउन परिपत्र गर्ने मिति २०७०/७/३ को निर्णयानुसार अनुरोध छ।

### (१) ऐनको दफा ८(३) अन्तर्गत पर्ने संरचना :

ऐनको दफा ८(३) को कार्यान्वयनको प्रयोजनको लागि भवन अपार्टमेन्ट, सपिङ कम्प्लेक्स लगायत सडक, पुल, विद्युत उत्पादन गृह, रंगशाला आदि प्रकृतिका सम्पत्ति, जुन स्थानान्तरण गर्न सकिदैन त्यस्ता सवै सम्पत्तिलाई समावेश गर्नुपर्ने। भवन, अपार्टमेन्ट, सपिङ कम्प्लेक्स बाहेकका अन्य संरचना अन्तर्गतका सम्पत्तिहरू मूल्य अभिवृद्धि कर निर्देशिकामा समावेश भए पश्चात यस दफाको (मू.अ.करको) दायरामा पर्नेछन्।

### (२) व्यावसायिक प्रयोजनको अर्थ :

मूल्य अभिवृद्धि करको दफा ८(३) को प्रयोजनको लागि व्यावसायिक प्रयोजन भन्नाले भवन, अपार्टमेण्ट तथा सपिङ कम्प्लेक्स र विभागले तोकेका अन्य यस्तै संरचना भन्नाले त्यस्तो सम्पत्ति निर्माण गरी विक्री गर्ने व्यवसाय गर्ने एवं त्यस्तो सम्पत्तिलाई स्थायी सम्पत्तिको रुपमा लेखाकंन गरी आय आर्जनमा प्रयोग हुने दुबै चालु वा स्थायी सम्पत्तिलाई वुझाउँछ।

### (३) संरचनाको पहिचान :

ऐनको यस दफा कार्यान्वयनको लागि त्यस्तो संरचना एकै स्थानमा निर्माण भएको हुनुपर्ने। कुनै व्यक्तिको विभिन्न स्थानमा रहेको व्यापारिक स्थल, शाखा, प्रशाखा वा मुख्य कार्यालयमा अलग-अलग निर्माण भएको तर समग्रमा रु. ५० लाखभन्दा बढी भएको अवस्थामा यस दफाको प्रयोजनको लागि समावेश नगर्ने। तर आवाश गृह, सडक, पुल जस्ता संरचनालाई अलग-अलग स्थानमा निर्माण भएको छ भने पनि यसलाई समावेश गर्ने।

### (४) सम्पत्तिको लागत गणना :

ऐनको यस प्रयोजनको लागि सम्पत्तिको मूल्य गणना गर्ने प्रयोजनको लागि त्यस्तो सम्पत्तिको लागत वा पूँजिकृत गरिने मूल्यमा वित्तिय शिरोभार (**Financial overhead**) बाहेकको सबै निर्माण कार्यसँग प्रत्यक्ष सम्वन्ध रहेको लागतलाई समावेश गर्ने। यस अन्तर्गत नक्शाङ्कन, डिजाइन निर्माण खर्च सुपरीवेक्षण जस्ता खर्च समेत लागत प्रयोजनमा समावेश गर्ने।

### (५) सम्पत्तिमा समावेश हुने खर्च (Components) :

भवन, अपार्टमेन्ट लगायतका सम्पत्तिहरूको संरचना निर्माण एकै व्यक्ति वा अलग अलग व्यक्तिहरूबाट समेत गराउन सकिन्छ। जस्तैः विद्युतीकरण, सेनिटेशन, रंगरोगन (**Painting**), आन्तरिक सजावट (**Interior Decoration**) आदि **Component** हरूमा भएको सवै खर्चहरूलाई त्यस्तो संरचनाको अभिन्न अगंको रुपमा लिई त्यसमा भएको खर्च समेत समावेश गर्ने।

### (६) सम्पत्तिको कर लाग्ने मूल्य गणना :

सम्पत्तिको लागत वा पूँजिकृत हुने मूल्य मध्ये सम्पत्ति निर्माण पूर्व गरिने खर्चहरू जस्तैः नक्शाङ्कन, नक्शा स्वीकृत गर्न लाग्ने खर्च, वित्तिय लागत, तेश्रो पक्षलाई भुक्तानी गरेको सुपरीवेक्षण खर्च आदि समावेश नगरी अन्य सवै खर्चहरूलाई समावेश गर्ने। यस प्रयोजनको लागि निर्माण कार्यमा प्रयोग भएको अन्य मूल्य अभिवृद्धिकर लाग्ने सवै वस्तु तथा सेवाहरू समावेश गर्ने।

### (७) करको गणना र असूली :

(क) कुनै व्यक्तिले आफ्नो संरचना निर्माणको लागि निर्माण सामाग्री आंफैले उपलब्ध गराएको एवं सो निर्माण कार्य मूल्य अभिवृद्धिकरमा दर्ता भएको व्यक्तिबाट गराएको छ र वस्तु तथा सेवा प्रयोग वापत दाखिला हुनुपर्ने मू.अ.कर पुरै प्राप्त भएको छ भने उल्लेखित रकममा कर गणना नगर्ने।

(ख) कुनै व्यक्तिले आफ्ना संरचना निर्माणको लागि निर्माण सामाग्री खरीद गरी निर्माण कार्य अमानतमा गराएको छ भने त्यसरी निर्माण भएको सम्पत्तिको लागतमा मूल्य अभिवृद्धि कर भुक्तानी भएजति मूल्य घटाई बाँकी रहेको मूल्यमा कर गणना गरी असूल गर्ने।

(ग) यदि कुनै व्यक्तिले निर्माण गर्ने संरचनामा प्रयोग हुने निर्माण सामाग्री आफ्नै उत्पादन वा आफूसँग भएको मौज्दातबाट प्रयोग गरेको छ, उक्त उत्पादन वा आफूसँग भएको मौज्दातबाट प्रयोग गरेका वस्तुमा मू.अ.कर दाखिला गरेको छैन र त्यस्तो संरचनाको निर्माण कार्य आफ्नै कामदार र कर्मचारीबाट गराएको छ भने त्यस संरचनाको वजार मूल्यअनुसार लागत कायम गरी मूल्य अभिवृद्धि कर गणना गरी असूल गर्ने।

### (८) सम्पत्तिको पहिचानको समयावधी :

ऐनको यस दफाको प्रयोजनको लागि माथि बुँदा नं. २ अनुसार पहिचान भएको सम्पत्ति निर्माणमा जति समय लागेपनि त्यसलाई समावेश गर्ने। त्यस्तो सम्पत्ति निर्माणको समयावधी आर्थिक वर्ष वा कुनै समय सिमालाई आधार नलिने र पहिचान भएको संरचना जति समयावधिमा निर्माण भए पनि त्यसलाई समावेश गर्ने।

### (९) कर निर्धारण तथा असुली :

भौतिक संरचना निर्माण गर्ने व्यक्ति मू.अ.करमा दर्ता भएको व्यक्ति भए त्यस्तो व्यक्तिले संरचना निर्माणको क्रममा वस्तु तथा सेवा प्राप्त गर्ने क्रममा गरेको खर्चलाई आफ्नो कर अवधी अनुसार कर दाखिला गर्ने। जस्तैः मासिक कर विवरण वुझाउने करदाताले वस्तु तथा सेवा प्राप्त गर्दा गरेको खर्च जुन महिनामा भुक्तानी भएको हो सो महिना समाप्त भएको २५ दिनभित्र आँफैले कर निर्धारण गरी कर दाखिला गर्ने। मूल्य अभिवृद्धि करमा दर्ता नभएको व्यक्तिले वस्तु तथा सेवा खरिद वा उपयोग मूल्यमा मू.अ.कर दाखिला नभएको हदसम्मको रकमको हुने मू.अ.कर अर्को महिनाको २५ गते भित्र दाखिला गर्ने।

### (१०) दण्ड सजाय :

मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा भएको व्यवस्था परिपालन नगर्ने करदातालाई कर अधिकृतले मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २० अनुसार कर निर्धारण गर्दा उल्लिखित ऐनको दफा २९(१क) वमोजिम कर विगोको २५ प्रतिशत जरिवाना गर्ने।

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
टंकमणि शर्मा

**सम्पादक मण्डल**
मदन दहाल
महाराज कोइराला
गोपालप्रसाद घिमिरे
चन्द्रकला पौडेल
ढुण्डीराज दाहाल
राजकुमार पोखेल